www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक



९ म लोकगीत गाएरै बाँचेको छु

वर्ष १, अंक १०, २०७३ चैत १ रु.१५।–



"लाहुरे परिवारको जेठो छोरा रामजी खाँड शिक्षक भए तर लाहुरे भएनन् । शिक्षण पेशालाई पनि छाडेर गायक बन्ने सपनामा काठमाडौं छिरेका थिए । उनको बुबा इन्डियन लाहुरेको क्याप्टेन हुनुहुन्थ्यो । परिवारबाट न गीत चल्यो न नाम । अब यसरी हुन्न भन्ने दबाब आएपछि मैले पासपोर्ट बनाएँ, खाँडले अतित सम्झिँदै भने – 'धेरै देशमा डकुमेन्ट पेश गरेँ तर भिसा पनि लागेन । अन्तिममा एउटा म्यानपावरमा पासपोर्ट बुझाएँ, दुबईको भिसा लाग्यो । झण्डै एक वर्षपछि भिसा आयो । त्यही बेला मेरा दुई गीत देउरालीको भट्टी पसल र पछ्यौरी लेउ बैनाले सफलता हात पार्‍यो । सायद मेरो दिन बल्ल आएको रहेछ जस्तो लाग्यो ।' त्यसपछि भिसा क्यान्सिल गरेर उनी नेपालमै बसे । गीत चल्यो, बिक्री पनि राम्रो भयो । रामजी खाँड भनेर क्लिक भयो, मनमा आत्मविश्वास बढ्यो । उनको भिसा र भाग्य सँगसँगै भयो ।"

# भिसा भाग्य } सँगसँगै



www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

## रिलिज कर्नर

### मैले हार्दा के भो प्रिय




नेपालकी ग्ल्यामर नायिकाको रूपमा परिचय बनाएकी सुषमा कार्की र मलेसियामै कार्यरत रहेका पासाङ तामाङको अभिनय रहेको म्यूजिक भिडियो मैले हार्दा के भो प्रिय गीतको म्यूजिक भिडियो यतिबेला सार्वजनिक भएको छ । गीतकार पासाङ तामाङको एकल रचना रहेको एल्बम तिम्रो यादमाभित्र रहेको पहिलो नम्बरको गीत मैले हार्दा के भो प्रियलाई मनिपाल राईले संगीत भरेका हुन् । अन्जु पन्तको स्वर रहेको उक्त गीतमा हट नायिका सुषमासँग गीतकार पासाङ, गीता राई, विनिता तामाङको अभिनय रहेको छ । सुन्दर लावतीको निर्देशन रहेको उक्त म्यूजिक भिडियोमा जीवन सेन्चुरीले छायाँकन गरेका हुन् भने अर्जुन पोखरेलले सम्पादन गरेका हुन् । शुभकामना मिडिया सोलुसनबाट बजारमा आएको यस गीत यतिबेला म्यूजिक नेपालबाट यूट्यूबमा सार्वजनिक भएको हो ।

### हलहलेको साग हो



देखन चम्पा सुनन चम्पा, तिम्रो पिक्चर हिट, हे बरै लगायतका चर्चित गीत दिएका संगीतकार दिपक शर्माको स्वर तथा संगीत रहेको नयाँ गीत हलहलेको साग हो यतिबेला बजारमा चर्चा पाइरहेको छ । गायिका देवी घर्तीले शर्मालाई स्वरमा साथ दिएको गीतले किशोरावस्थामा माया प्रेममा परेका जोडीलाई परिवारले असहयोग गर्दाका विभिन्न अवस्थालाई जस्ताको त्यस्तै गीतमा उतारेका छन् गीतकार राजेन्द्र भण्डारीले ।

दिपक सिंहले निर्देशन गरेको भिडियोमा मोडल ममताले उत्कृष्ट अभिनय गरेकी छिन् । अर्जुन सापकोटाले छायांकन गरेको भिडियोलाई लोकेन्द्र सुब्बाले सम्पादन गरेका छन् । भिडियोलाई कामना डिजिटलले बजार ब्यबस्थापन गरेको छ ।

### पूर्वमा धरान राम्रो पश्चिममा पोखरा

गायक राजमान तामाङको स्वरमा सजिएको 'पूर्वमा धरान राम्रो' बोलको गीतको सार्वजनिक भएको छ । म्यूजिक भिडियोमा




पछिल्लो समयमा चर्चामा रहेकी मोडल एलिसा राई र निराजन प्रधानको अभिनय रहेको छ । हाइलाइट्स नेपालको युट्बमा सार्वजनिक गरिएको उक्त गीतको लेखन तथा संगीत मिन गुरूङको रहेको छ ।

कपुरी क मोसन पिक्चर्सको ब्यानरमा तयार पारिएको यस भिडियोमा धरान र पोखराको रमाइलो चर्चा मात्र होइन आधा उमेर हाँस खेलमै बित्छ भन्ने चिन्ता समेत व्यक्त गरिएको छ । मनको इच्छा उमेरमै पुरा गर्ने कान्छीसँगको ख्याल ठट्टा पनि भिडियोमा देख्न पाइन्छ । भिडियोलाई उत्सव दाहालले छायांकन तथा निशान घिमिरेले सम्पादन गरेका हुन् ।

# चन्द्र ज्योतिको गुनासो



**म्यूजिकखबर** । गीतकार चन्द्रज्योति आलेको एकल रचना एवं संगीतकार राजकुमार बगरको एकल संगीतमा रहेको गीतिसंग्रह गुनासो सार्वजनिक गरिएको छ । वरिष्ठ गजलकार डा.कृष्णहरि बराल, संगीतकार संघका उपाध्यक्ष एवं प्राज्ञ शान्तिराम राई, गायिका संगीता राना लगायतले एल्बमको सार्वजनिक गरेका थिए । गीतकार चन्द्र ज्योति आलेले आफू पहिला गायिका भएको बताउँदै आधुनिकतर्फ गीतकारका रूपमा आएको बताएकी थिइन् । कृष्ण फिल्म्स् एण्ड एडभरटाइजिङका संचालक उज्ज्वल केसी बाबुराजाले उपस्थित सम्पूर्ण अतिथिहरूलाई स्वागत गर्दै एउटा राम्रो एल्बम बजारमा आएको बताएका थिए ।

आफ्नो गीति लेखनको अनुभव सुनाउँदै आलेले संगीतकार राजकुमार बगरसँग मिलेर सहकार्य गर्न पाउँदा खुशी भएको बताउँदै विभिन्न सामाजिक संघसंस्थामा काम गर्दागर्दै गायनको पाटो छाडेर अहिले गीतकार बनेको छु भनिन् । त्यस्तै संगीतकार राजकुमार बगरले गीतकारसँगको गुनासो एल्बम एक बर्षअघिदेखिको प्राजेक्ट भएको बताउँदै हङकङबाट नेपाल आएको बेलामा हतारहतार सकेर विमोचन गर्न सफल भएको बताएका थिए ।




त्यस्तै कार्यक्रममा संगीतको समिक्षा गर्दै प्राज्ञ शान्तिराम राईले राजकुमार बगर राम्रो गीतकारको रूपमा चिनेको भए पनि पछिल्लो समय राम्रा संगीतकारको रूपमा पाएको बताएका थिए । राईले उनीजस्ता स्रष्टाको समीक्षा गर्नु आफैंमा चुनौति भएको बताउँदै संगीतमा खोट लाउन ठाउँ नभएको बताएका थिए । त्यसैगरी गीतको समीक्षा गर्दै प्रमुख अतिथि डा.कृष्णहरि बरालले गायिका चन्द्र ज्योति आले गीतकार हुनुभएको र गीतकार राजकुमार बगर संगीतकार बन्नुभएको यस एल्बमभित्र एकसेएक गीतसंगीत निर्माण भएको बताएका थिए । गायिका आलेको गीतिलेखनको प्रशंसा गर्दै बरालले हरेक गीतका लाइनले आफैंमा अर्थ बोकेको बताएका थिए ।

गीतकार आले चन्द्र ज्योति आलेले लोकदोहोरी एल्बम साइली, साइखोले, छुटेको चेली, मायासँग बजारमा ल्याइसक्नुभएको छ । मगर संघ हङकङको अध्यक्ष एवं पूर्वी एशिया संयोजक, नेपाली महिला संघको वरिष्ठ सल्लाहकार, तनहुँ समाज हङकङको सल्लाहकार, हिन्स सोसाइटीको सदस्य, राइज देम अपको सल्लाहकार जस्तो पदमा रहेकी गीतकार आलेले आदिबासी चेली सम्मान, एनआरएन उमन अफ दी इयर, नेपाल महिला संघ उमन अफ दी इयर जस्ता सम्मान तथा विभिन्न संघसंस्थाबाट कदर पत्रहरु प्राप्त गरेकी छिन् । चलचित्रहरूमा अभिनयसमेत गरेकी गीतकार गायिका आलेले चलचित्र प्रतिबिम्वको निर्माणसमेत गरेकी छन् ।

एल्बम गुनासोभित्र तिमी रूँदा, पानी भर्ने पँधेरीमा, चाहे पुगुँ शिखरमा, तिम्रो माया पाउनलाई, आऊ दिदी बैनी हो, आखैंमा गाजल जस्ता ६ वटा गीत समावेश छन् । जसमा प्रमोद खरेल, संगीता राना, निखिता थापा, युवराज चौलागाई, नवराज थापा जस्ता गायक गायिकाको स्वर रहेको छ । एल्बममा रहेका गीतहरूको सम्पूर्ण संगीत संयोजनको काम भने कमल सौरागले गरेका हुन् । कार्यक्रम संगीत कला पत्रकार संघले आयोजना गरेको थियो भने संघकी सचिव राधिका अधिकारीले संचालन गरेकी थिइन् ।

# राष्ट्रियता खोज्दै कलाकारहरू

पछिल्लो समय मुलुकमा राष्ट्रियताको संकट पर्दै गएको भान भएका बेला केही कलाकारहरू राष्ट्रियता खोज्दै नमोबुद्धतिर लागे । उनीहरूले आफ्नो मुलुकको राष्ट्रियता संकटमा परेको महसुस गर्दै राष्ट्रियता बचाउनुपर्छ, हिमाल पहाड र तराईको कुरा गर्नुहुन्न सबै नेपाली एक हुनुपर्छ भन्ने सन्देश लिएर नमोबुद्धतिर शान्ति खोज्न पुगेका हुन् । विशाल नेपालभित्र शान्तिको दूत गौतम बुद्ध, उच्च शिर सगरमाथा, गोर्खाली वीरको पहिचान हुँदै अन्तर्राष्ट्रियस्तरमा युनिक रहेको चन्द्र सूर्य अंकित राष्ट्रिय झण्डासमेत पाएको मुलुकले अस्तित्वको संकटमा बाँच्नुहुन्न भन्ने सन्देशसहित शान्तिको खोजीमा नमोबुद्ध पुगेको निर्देशक सवनम मुखियाले बताइन् ।

केही समय पहिला भएको नाकाबन्दीले गीतकार सुमन पण्डितका लागि केही लेख्न बाध्य बनायो । पहिला नेपाल नै नभए नेपाली भईदैंन भन्ने मूल मर्मको साथ उनले गीत लेखे 'नेपाल भएर नै म नेपाली बन्न पाछु, सगरमाथा बुद्धको देश शान्तिभूमि भन्न पाछु' । मधेशमा भएको नाकाबन्दीले पहाडी र हिमाली भन्दै गरिएको भेदभावभित्र गीतकार पण्डितले पहिला नेपाली त्यसपछि मात्रै अन्य जात जाति र भाषाभाषी हो भन्ने सन्देशसहित गीत लेखेका छन् । सीमामा बैरी आए सबै मिलेर लड्नुपर्छ, स्वाभिमान बचाउनुपर्छ भन्दै तराईको अन्नभण्डार,



पहाडको जडिबुटीले नै हामीलाई धनी बनाउन सकिने ठाउँ भएको उनले बताए । विश्वमै स्वाभिमानी नेपालीले आफू आफूमा द्वन्द्व गर्नुहुन्न भन्ने गीतले सन्देश बोकेको छ । यस गीतलाई सन्तोष श्रेष्ठले संगीतबद्ध गरेका छन् भने युवराज चौलागाईंले स्वर दिएका छन् । विपिन आचार्यको संगीत संयोजन रहेको यस गीतलाई गोल्डेन क्रियशनले बजारमा ल्याएको हो । यस गीतको अडियो रेडियोहरूमा बज्न थालिसकेको छ भने भिडियो आगामी चैतभित्रमा सार्वजनिक हुने बताइएको छ ।

नेपालको पहिलो महिला छायाँकार सवनम मुखियाको निर्देशनमा तयार भएको यस म्यूजिक भिडियोलाई वीरेन्द्र भट्टले छायाँकन गरेका हुन् । राजीव श्रेष्ठ, सुमन खतिवडा, कृष्ण श्रेष्ठ, शुभ पण्डित, कामना पण्डित र जस्मिना हुमागाईंको अभिनय रहेको यस म्यूजिक भिडियोको सम्पूर्ण छायाँकन भने नमोबुद्ध मन्दिरको वरिपरिका रमणीय दृश्यभित्र कैद भएको छ ।

# सयपत्री दोहोरी साँझका रविन र चिनुले चुमे तेश्रो दोहोरीगीत रनिङ शिल्ड



**म्यूजिकखबर** । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको आयोजनामा गत फागुन १२ देखि १६ सम्म राजधानीको भृकुटीमण्डपमा संचालन भएको तेश्रो अन्तर दोहोरी साँझस्तरीय दोहोरीगीत रनिङ शिल्ड प्रतियोगिता सयपत्री दोहोरी साँझ सुन्धाराको तर्फबाट गायक रविन लामिछाने र चिनु घर्तीले शिल्ड चुम्न सफल भएका छन् ।

त्यस्तै गामबेसी रोधी नाचघरका (अर्जुन खडका, शान्ता ओली) द्वितिया भएका छन् । प्रतियोगितामा प्रथम हुनेले १ लाख ५ हजार पुस्कारको साथमा रनिङ शिल्ड चुमेका छन् भने द्वितिया हुनेले ७५ हजार तथा तेस्रो हुनेले ५० हजार प्राप्त गरेका छन् । यस्तै सान्तवना पुरस्कार २५ हजार प्रदान गरिनेछ भने उत्कृष्ठ गायक र गायिकाले १५ र १५ हजार रूपैयाँ प्राप्त गरेका छन् । प्रथम हुने गायक रविन लामिछाने र गायिका चिनु घर्तीलाई गोर्खा चौतारी म्यूजिकका तर्फबाट संचालक सुनिल लामिछानेले एउटा गीतको अडियो भिडियो उत्पादन गरिदिने घोषणा गरेका छन् ।

त्यस्तै प्रतियोगितामा तृतीय स्थान निरमाया रोधिघर (दिनेश खडका, कल्पना दाहाल) र न्यू दरबार दोहोरी साँझ, ठमेलको तर्फबाट (बिशाल रायमाझी, हरिमाया रायमाझी) ले सान्त्वना पुरस्कार जित्न सफल भएका छन् ।

प्रतियोगितामा उत्कृट गायिका नीरू श्रीस, मीना बुढाथोकी (गोधूली दोहोरी साँझ) र अन्जु डी.सी.(सुन्धारा डाँफे दोहोरी साँझ, चितवन) भएका थिए । उत्कृष्ट नवोदित गायिका पबित्रा सरतुङ्गे मगर (नाइट फेवा रोधी क्लब), उत्कृट गायक विशाल रायमाझी, सागर बी.सी (न्यू दरबार रोधी घर), अनुशासित गायक राजू केसी, अनुशासित गायिका कुमारी गुरूङ र अनुशासीत दोहोरी साँझ (नाइट फेवा रोधी क्लब) भएका थिए ।

प्रतिष्ठानले आफ्नो भवन निर्माणको सहयोगार्थ यो रनिङ शिल्ड आयोजना गरेको थियो । यस प्रतियोगितालाई गोल्डेन ओएकले मुख्य प्रायोजन गरेको थियो भने विभिन्न संघसंस्था र व्यक्तिगत तबरबाट पनि भवन निर्माण सहयोगार्थ रकम जुटेको थियो । संस्थाका निर्वतमान अध्यक्ष चन्द्र शर्माको कार्यकालमा सुरू भएको यस प्रतियोगिता दुई पटकसम्म नेपाली दोहोरीले चुम्न सफल भएको थियो । वर्तमान अध्यक्ष बद्री पंगेनीले यस प्रतियोगितालाई भव्य, सभ्य बनाउँदै दोहोरीमा संस्कारको सुरूवात गर्नका लागि निरन्तरता दिने बताएका थिए ।

# रनिङ शिल्ड विजेता लामिछानेलाई सम्मान




राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको आयोजनामा भएको तेश्रो अन्तर दोहोरीसाँझ स्तरीय रनिङ शिल्ड प्रतियोगितामा प्रथम हुन सफल सयपत्री दोहोरी साँझका गायक रविन लामिछानेलाई गोर्खा सांस्कृतिक समाजले सम्मान गरेको छ । राजधानीको विनायो क्याफेमा कार्यक्रमको आयोजना गर्दै समाजले लामिछानेलाई दश हजार एक सय एघार नगद राशिसहित सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरेको हो । गोरखा समाज सेवा केन्द्रका अध्यक्ष महेश गुरूङको प्रमुख आतिथ्यतामा भएको उक्त सम्मान कार्यक्रममा नेपाल सांगीतिक संघका महासचिव सन्तोष श्रेष्ठ, संगीतकार संघका उपाध्यक्ष प्राज्ञ शान्तिराम राई, नेपाल सांस्कृतिक संघका महामन्त्री शिवशंकर रिजाल जोगिन्दर, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल केन्द्रीय समितिकी सचिव राधिका हमाल लगायतका अतिथिहरूको उपस्थितिमा लामिछानेलाई सम्मान गरिएको थियो ।

समाजका अध्यक्ष दीपसागर थापाको अध्यक्षतामा सम्पन्न भएको उक्त बधाई एवं सम्मान समारोहमा समाजका वरिष्ठ उपाध्यक्ष सुमन पण्डितले उपस्थित अतिथिहरूलाई स्वागत गर्दै गायक रविन लामिछानेको बारेमा बोलेका थिए । रविन समाजको सक्रिय याद्धा भएको बताउँदै उनको भविश्य उज्ज्वल रहेको बताएका थिए । त्यस्तै सम्मानित भएपछि बोल्दै गायक लामिछानेले दोहोरी प्रतियोगिताको रनिङ शिल्ड जित्दाको अनुभव सुनाएका थिए । रनिङ शिल्डको सुरूवातदेखि अरू कसैले जित्न नसकेको टिमलाई हराउन सफल भएपछि सायद जित्छु होला जस्तो लागेको थियो । निर्णायकहरूले निष्पक्ष रूपमा निर्णय गरेर म र चिनु घर्तीको टिमले जित्न सफल भयौं । सयपत्री दोहोरी साँझबाट हामीले सहभागिता जनाएका थियौं, हामी दुई जनाले नै राम्रोसँग सल्लाह गरेर जसरी पनि जित्नुपर्छ यसपाली हामीले भन्ने सोचेका थियौं। चुनौति पनि थियो र जित्नुपर्ने बाध्यताजस्तो पनि देखियो, सबैतिरबाट हौसला मिलिरहेको थियो । अन्ततः दिदीभाइको कथामा दोहोरी खेल्दा जित्न पुगियो, गायक रविन लामिछानेले प्रतियोगिताका अनुभवहरू सुनाए ।

गोर्खा इतिहासदेखि अहिलेसम्म अगाडि नै रहेको बताउँदै सांगीतिक संघका महासचिव सन्तोष श्रेष्ठले लोकदोहोरी सम्पूर्ण गीतसंगीतको माता भएको बताएका थिए । त्यस्तै प्रतिष्ठानकी सचिव हमालले गोर्खाले जितेपनि आफूलाई रोल्पाले नै जितेजस्तो लागेको बताउँदै आगामी दिनमा प्रतिष्ठानले सबैसँग सहकार्य गरेर अगाडि बढ्ने बताइन् । त्यस्तै संगीतकार संघका उपाध्यक्ष प्राज्ञ शान्तिराम राईले पूर्वमा पश्चिमको जस्तो दोहोरी नभए पनि सेकेन्डमै उत्तर दिएर प्रतिस्पर्धा खेल्नुपर्ने हुँदा रविन भाइले जित हासिल गरेको चानचुने नभएको बताएका थिए । कार्यक्रममा उपस्थिति अतिथिहरूले शुभकामना मन्तव्य दिँदै रविन लामिछानेले यस्ता प्रतियोगिताहरू जित्दै इतिहास कायम राख्दै भोलिका दिनमा जित सधैं हातमा लिने विश्वास व्यक्त गरेका थिए । कार्यक्रमलाई सपान गर्दै समाजका अध्यक्ष दिपसागर थापाले रविनले जितेको जित अब आगामी दिनमा पनि सदाबहार रूपमा अघि बढोस्, लोकदोहोरीको क्षेत्रमा उल्लेख्य नाम कमाउन सफल होस् भन्दै शुभकामना दिएका थिए । कार्यक्रम समाजका महासचिव सुनिल लामिछानेले संचालन गरेका थिए ।

# कल्याणकारी कोषमा ५ लाख २२ हजार ३५६ रुपैयाँ

**म्यूजिकखबर** । संगीतकार संघ नेपालले स्थापना गरेको संगीतकर्मी कल्याणकारी कोषको फागुन महिना सम्मको विवरण सार्बजनिक भएको छ । हरेक महिनाको १ गते कोषको बिवरण सार्बजनिक गर्ने निर्णय अनुसार आज चौथो विवरण सार्बजनिक गरिएको संघका अध्यक्ष



संगीतकार संघ नेपालको
संगीतकर्मी कोषको २०७३ फागुन महिनाको प्राप्त सहयोगको मासिक विवरण

| क.सं. | सहयोग गर्नेको नाम | मार्फत् | सहयोग रकम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | पिसिमाई थाईल्याण्ड | लोकराज अधिकारी | रु. १०,००० | | |
| २. | सन्ध्या अधिकारी | नरहरी प्रेमी | रु. १५,००० | | |
| | कुल | | रु. २५,००० | | |

पूर्व जम्मा भएको रकम रु. ५,१७,५०६/-
फागुन महिनामा जम्मा रकम रु. २५,०००/-
कुल जम्मा रकम रु. ५,४२,५०६/-

नारायण गौतमज्यूको पुष महिनामै देखिएको रकम माघ महिनामा दोहोरिन गएकोले सो रकम घटाइएको रु. २०,१५०/-

हालसम्म कुल जम्मा रकम रु. ५,२२,३५६/-

अध्यक्ष
लक्ष्मण 'शेष'

लक्ष्मण शेषले जानकारी दिनु भएको छ । बिवरण अनुसार कोषमा ५ लाख २२ हजार ३५६ रूपैया जम्मा भएको छ । संगीतकर्मी हरूका लागि मर्दा पर्दा सहयोग गर्ने उद्धेश्यले स्थापना गरिएको कल्याणकारी कोषमा देश विदेशबाट सहयोग रकमहरू जम्मा हुने क्रम जारी रहेको संघका प्रेस सल्लाहकार लोकराज अधिकारीले जानकारी दिनु भएको छ । अधिकारीका अनुसार कोषमा सहयोग गर्न चाहनेहरूले बिभिन्न स्थानबाट सोधिखोजी गर्दै सहयोग रकमको प्रतिबद्धता समेत ब्यक्त गर्नु भएको छ । अहिले बिभिन्न क्षेत्रका दाताहरूबाट झण्डै ८ लाख रूपैयाको प्रतिबद्धता आइसकेको छ । उहाँहरूले प्रतिबद्धता गरेको सहयोग रकम आफू अनुकुलको समयमा हस्तान्तरण गर्ने बचन दिनु भएको छ । नेपाली संगीत क्षेत्रका सबै बिधाका सर्जकहरूलाई आपत बिपत पर्दा सहयोग गर्ने उद्धेश्यले स्थापना गरिएको कल्याणकारी कोषमा सहयोग आउने क्रमसँगै पीडित संगीतकर्मीका लागि पनि खर्च भैरहेको छ । अहिले सम्म ३ जना सर्जकको औषधी उपचार र एकजना सर्जकको निधनमा कोषबाट ६७ हजार ६सय ११ रूपैया सहयोग गरिसकिएको छ ।

# विराटनगरमा खड्काको होली सरर

गायक सुमित खड्का स्वर र संगीत रहेको होलीको गीति एल्वम विराटनगरमा बिमोचन भएको छ । शनिबार एक कार्यक्रम आयोजना गरी मोरङको प्रमुख जिल्ला अधिकारी यज्ञराज कोइरालाले खड्काको 'होली सरर' गीत एल्वम सार्वजनिक गरेका हुन् । एल्वमको विमोचन गर्दै प्रमुख जिल्ला अधिकारी कोइरालाले एकआपसमा सदभावको



पर्वका रूपमा होलीलाई मनाउनु पर्नेमा जोड दिए ।

होलीलाई एकता र सद्भावको रूपमा मनाउन गायक खड्काले एल्वममा विशेष रूपमा समावेश गरेको बताए । दुई वटा गीतको म्यूजिक भिडियो समेत बनिसकेको होली सरर एल्बमले नेपालीहरूको रंगीन चाडलाई पूर्णता दिन महत्वपूर्ण भूमिका खेल्ने खड्काले बताए ।

एल्वमको गीतकारहरू नवराज सुब्बा, दिपनारायण राजवंशी, सुनिता घिमिरे, पूजा मारिया रहेका छन् । सबैभन्दा बढी नेपाली होलीको गीत गाउने गायकको रूपमा परिचित खड्काले प्रत्येक वर्षको होलीमा नयाँ गीतहरू बजार ल्याउँदै आएका छन् । यस एल्वमको प्रस्तुतकर्ता पुष्प कुमार थापा रहरेका छन् । म्यूजिक भिडियो निर्देशन मणि दाहाल, प्रतिक श्रेष्ठ, बिनोद पुडासैनीले गरेका छन् ।

नेपाल माइक्रो कम्पनी प्रा.लि.
टिकट काउन्टर
नयाँ बसपार्क, पूजाकोठी (पेट्रोलपम्प नजिक)
सम्पर्कः ४३८७१६३, ९८४१३१०३१५

काठमाडौंबाट बर्दिबास, धरान, इटहरी, विराटनगर, पोखरा, वेशीशहर, नुवाकोट, विराटनगरदेखि काँकडभिट्टासम्मको माइक्रोबसको टिकट बुकिङ गरिन्छ ।






www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

सल्लाहकार
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
सन्तोष श्रेष्ठ

प्रकाशक/सम्पादक
सविता पोखरेल

प्रधान सम्पादक
सुमन बैरागी

निर्देशक
मिलन मोक्तान

सम्वाददाता
राधिका अधिकारी
दिनेश थापा

व्यवस्थापक
अविनाश लम्साल

तस्वीर
नवीनबाबु गुरुङ
देवराज आचार्य

कार्यालयः
पुतलीसडक, काठमाडौं ।
फोन: ०१-४०१०३४५,
musickhabar.com@gmail.com

मुद्रण:
गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं

# सम्पादकीय

## गीत सिर्जना लोकप्रियता कि गुणस्तरीयता ?

नेपाली गीतसंगीतमा लोकप्रिय बनेका गीतहरूको धेरै उदाहरणहरू छन् तर गुणस्तरीयताका हिसाबले कुनै न कुनै ठाउँमा चुकेका हुन्छन् । गीतको चर्चाका लागि अनेकौं बहनाबाजी गराइन्छ भने कुनै समय यस्तो आउँछ त्यो व्यक्तिको जस्तो पायो त्यस्तै गीतले चर्चा पाइरहेको हुन्छ । धेरै हाम्रा कलाकारहरू छन् चर्चाको शिखरमा पुग्ने । उनीहरूले धेरै संघर्ष गर्दागर्दै पनि चर्चा नपाइरहेको बेला कुनै समान्य लागेको गीतबाट चर्चा बटुलेका हुन्छन् । पछिल्लो समय धेरै त्यस्ता गीतहरूका उदाहरणहरू छन् चर्चा कमाएका तर कुनै न कुनै रूपमा पछाडि परेका ।

चलचित्र लुट-२ कै गीतलाई हेरौं 'बेलैमा पाक्यो रसिलो दाना भीरैमा क्यार्ने हो ?' वा चर्चित गीत साइलीको 'दियोमा तेल हुरूरू वा निधारमा नाम्लो बरियो ? यी उदाहरण मात्र हुन् । गीत दुईवटै चर्चाको शिखरमा पुगिरहेको छ । जताततै गीतले बजार राम्रो पाइरहेको छ तर शब्दछनोटमा भने पाठकहरू आफैंले राम्रोसँग मूल्यांकन गर्दा पनि हुन्छ । बेलको दाना कत्तिको रसिलो हुन्छ वा काठमाडौंमा बसेर बेललाई कतिले रसिलो देखेका छन् ? त्यस्तै साइली एल्बममा हेमन्त रानाले गाएको गीत पछिल्लो समयका चर्चित गीत हो । त्यसमा दियोमा तेल हुरूरू भन्ने शब्द कत्तिको जायज हो ? तेलमा दियो बल्छ कि दियोमा तेल बल्छ अलि अप्ठ्यारो अवस्था सिर्जना भएको देखिन्छ । त्यस्तै निधारमा नाम्लो र बरियो भन्दा कत्तिको सान्दर्भिकता देखियो ? गाउँघरकै भाषालाई मध्यनजर गर्ने हो भने पनि नाम्लो थाप्लोमा हुन्छ भने बरियो नाम्लोमा लगाइन्छ र भारीमा अड्काइन्छ । यी उदाहरण मात्र हुन् यस्ता धेरै बिग्रिएका शब्दहरूले चर्चाको शिखर चुमेका हामीले देखेका छौं । यसको अर्थमा गीत नराम्रो भने भन्न खोजिएको होइन, कुनै पनि सर्जकको सिर्जनामा कसैले नराम्रो भन्ने ठाउँ हुँदैन तर गीतलाई कसरी राम्रो बनाउने भन्नेमा त्यो सर्जक सचेत हुनु पर्छ भन्ने हो । सर्वसाधरणले गीतको सरलतालाई हेरेर शब्दतिर ध्यान नदिए पनि गीत भनेको लोकप्रियतासँगै गुणस्तरीय बन्नुपर्छ भन्नेमा सबैले बुझ्नु जरूरी छ । कुनै पनि कलाकारको स्थान मापन गर्नका लागि उसको सिर्जनाको गुणस्तरीयता हुनु जरूरी छ ।

यस्ता असजिला र वर्णविन्यासमा समेत ध्यान नदिइएका धेरै गीतहरू बजारमा छन् । जसले चर्चा त पाएको छ तर उक्त गीतका स्रष्टाहरूले बुझेका छैनन् शब्द चयनले पारेको असरप्रति । भोलिका दिनमा संगीत उद्योगले मूल्यांकन गर्ने ठाउँ बन्नुपर्छ । हो गीतमा नदी उल्टो बग्यो भनिएला तर त्यसलाई सपनामा देखिएको कुरा भनिरहँदा यथार्थतामा नआउला । सपना देख्नु र विपनामा लेख्नु फरक कुरा हो । लोकदोहोरीमा पहिला पहिला हुने गर्थ्यो 'आकाशमा तीन तारे तीन तिर जाली रूमाल बेचेर रिन तिर' । यो चाहिँ गीतको अत्यानुप्रयास मिलाउनका लागि मात्र आकाश रूमालको कुरा जोडिएको थियो । तर यहाँ पनि शब्दको भाव दुबै लाइनमा मिल्ने बनाइएको थिएन । यस्ता सयौं गीतहरू हाम्रा अग्रज भनिनेहरूबाट लेखिएका छन् । तर हामी धेरै बुझ्ने र जान्ने जमानामा आइसकेका छौं जस्ता लाग्छ । यति हुँदाहुँदै पनि गीतले भन्ने खोजेको मर्मलाई शब्दले ब्यंग्यात्मकतातिर लगिरहेको हुन्छ । गीतले सन्देश बोक्छ, समाज परिवर्तनको बाहकका रूपमा गीतलाई लिने पनि गरिन्छ । हाम्रो सांगीतिक बजारका गीतहरू हेर्दा पीडाभित्र मात्र रूमलिएको छ भने केही रमाइला गीत भनिनेहरूलाई हेर्ने हो भने शब्दले त्यसलाई गुणस्तरीयताबाट पर पारिरहेको देखिन्छ ।

एउटा गीत सफल हुन शब्द, संगीत र स्वरको त्रिवेणी मिल्नु पर्छ । तर कहिलेकाहीँ अपवादमा शब्दलाई नसुन्ने र संगीत र गायकको स्थानलाई हेरेर वाहा ! भन्ने चलनले गर्दा गीतले लोकप्रिता पाइरहेको हुन्छ । तर त्यो क्षणिक हुन्छ भन्ने हामीले बुझ्नुपर्छ । गीत नाच्ने वा बाँच्ने कुन बनाउने हो । नाच्ने गीतहरू धेरै बाँच्न पनि नसक्लान् र बाँच्ने गीतहरूलाई मन छोला तर नचाउन नसक्ला ।


सन्तोष श्रेष्ठ

## ; |6fn]ahf/ 8f]ofpg]ls ahf/n] ; |6f 8f]ofpg]<

**स्रष्टालाई बजारले डोऱ्याउने होइन र बजारलाई स्रष्टाले नै डोऱ्याउनु पर्दछ भन्ने सोचाइ होभन्ने आत्मविश्वासका साथ बजारिया गीतसंगीतबाट माथि उठेर आफ्ना वास्तविक गीतसंगीतलाई अगाडि बढाउने कोशिस गरौं । अनि गीतसंगीतमा नयाँपन आउँछ । स्रोताहरुले पनि नयाँ स्वरका गीतसंगीत पाउँछन् र नेपाली गीतसंगीत पनि फरक बाटोबाट फरक उचाइमा पुग्दछ ।**

बजार भन्ने शब्दप्रति धेरै स्रष्टाहरूको गहिरो मोह देखिन्छ । सतहको हेराइले हेर्दा वा बाहिरी दृष्टिले अवलोकन गर्दा बजारप्रति धेरै स्रष्टाहरूको गहिरो मोह हुनु स्वभाविक कुरा पनि हो । किनभने बजारबिना आर्थिक पक्ष अधुरो नै रहन्छ । धेरैजसो व्यक्तिहरूको सोच अधुरो जीवन जिउने हुँदै हुँदैन । जसले पनि पूर्ण जीवन जिउन चाहन्छ । त्यसकारण जो कोही व्यक्ति पूर्णतामा रमाउन खोज्नु वा पूर्णता प्राप्तिको लागि मरिमेटि लाग्नु त्यति अस्वभाविक होइन । अनि अर्को बुझाइ पनि के छ भने मानिसले पूर्णता प्राप्त गर्नु भनेको बजारबाट आर्थिक आय आर्जन हुनु नै महत्वपूर्ण कुरा हो ।

टन्न पैसा कमाउनु, ठूलो महल बनाउनु, राम्रो गाडी किन्नु आदि बजारबाटै आशा गरिएका र महत्वकांक्षी सोच पनि हुन् । कतिले यहि बजारबाट यस्ताखालका सोच पूरा गरिसकेका छन् त कोहि पूर्णताको बाटो खोज्दै छन् । जसले जीवनमा आफ्ना सोचाइ, महत्वकांक्षा पूरा गरे उनीहरू जीवनभरी नै खुशी रहन्छन् भने महत्वकांक्षा अपूर्ण रहनेहरू जीवनभरी नै दुखिरहन्छन् । यो आ-आफ्नो बुझाइमा भर पर्ने कुरा हो । धेरै मानिसले कुनै कुरालाई नबुझेर गलत परिभाषित गरिरहेका हुन्छन् । मानिसले कुनै पनि विषयलाई जसरी बुझ्यो उसको जीवन पनि त्यसरी चलेको हुन्छ । कस्ले के कुरालाई कसरी बुझ्दछ त्यो व्यक्तिमा भर पर्ने कुरा हो । कुनै पनि राम्रो कुरालाई राम्रो र नराम्रो कुरालाई नराम्रै तरिकाले बुझ्दा उपयुक्त हुन्छ ।

अहिलेको नेपाली संगीतको बजारलाई दुबै दृष्टिकोणबाट अवलोकन गर्दा बजारले नै स्रष्टालाई डोऱ्याइरहेको होकी जस्तो लाग्छ । यथार्थमा स्रष्टाले नै बजारलाई डोऱ्याउन सक्नु पर्ने हो । यहि कुराले बझिाइरहँदा मैले यो शीर्षकमा कलम चलाउन खोजेको हुँ । बिहानदेखि साँझसम्म रेडियो सुन्दा, टेलिभिजन हेर्दा अहिलेको नेपाली संगीतको अवस्था दिनानुदिन कमजोर भएको महसुस भैरहेको छ । शब्द रचनाको हिसावले खासै भिन्नता देखिँदैन, संगीत सिर्जनाको हिसावले पनि खासै भिन्नता देखिँदैन ।

रचना र संगीतमा भिन्नता नआएपछि गायनमा भिन्नता आउने कुरै भएन । अनि वास्तविक गीतसंगीतका स्रोताले पनि फरक कुरा सुन्न पाउने कुरै भएन । ६० को दशकलाई मुल्याङ्कन गरियो भने नेपाली संगीतको अवस्था बढि बजारमुखी भएको आभाष अवश्य पनि हुन्छ । यसमा धेरै जसो स्रष्टाहरूको एउटै शैली सुन्दा अहिले बजारले यस्तै खोजिरहेको छ । मलाई लाग्छ बजार कुनै एकै प्रकारको संगीत खोज्दैन, त्यो बजार त स्रष्टाले निर्माण गर्ने हो । बजारले माग्यो भन्दैमा साह्रै सस्ता गीत संगीत पस्किँदै जाँदा त्यसको अवस्था के हुन्छ ? यो सोचनिय विषय हो ।

नेपाली गीतसंगीतका माध्यमबाट हामीले जहिले पनि केवल माया प्रेम, शारीरिक सुन्दरता, दुःख पीडा, वियोग कमजोरीका कुरा मात्रै ल्याउने हो त ? हाम्रा गीत संगीतबाट नेपाली समाजले पाउने के हो त ? यी विषयमा छलफल हुँदा जहिले पनि बजारले यस्तै खोजेको छ भन्नु बजारद्वारा स्रष्टा स्वयम् डोऱ्याइनु हो । एउटा असल स्रष्टाले आफूले देखेको भोगेको यथार्थ कुरालाई गीतसंगीतमा पस्कँदा कुन चाहीँ बजारले अवरोध गर्दछ ? यदि त्यसो गर्न नसक्नु भनेको स्रष्टा स्वयम्ले आफ्नो सिर्जनालाई कमजोर ठान्नु हो । किनभने अरूले नै तयार पारेको बाटोमा हिड्ने बानी परेकाहरू नयाँ बाटोको सोचाइमा पुग्न सक्दैन । अबको आवश्यकता भनेको आशाका गीत, सकारात्मक सोचाइका गीतहरू, उत्साहका गीतहरू तथा परिवर्तनका गीतहरू निर्माण गर्ने हो । यस्ता विषयका गीत निर्माण गर्दा हामीलाई बजारले अवरोध गर्दैन भन्ने सोच हामीभित्र रहिरह्यो भने नेपाली गीत संगीत पनि अहिलेकै अवस्थामा रहिरहन्छ । अनि जहिले पनि बजारमा बिक्ने गीतहरू तयार गर्दै बस्दै गर्नुको विकल्प छैन । यदि स्रष्टालाई बजारले डोऱ्याउने होइन र बजारलाई स्रष्टाले नै डोऱ्याउनु पर्दछ भन्ने सोचाइ होभन्ने आत्मविश्वासका साथ बजारिया गीतसंगीतबाट माथि उठेर आफ्ना वास्तविक गीतसंगीतलाई अगाडि बढाउने कोशिस गरौं । अनि गीतसंगीतमा नयाँपन आउँछ । स्रोताहरुले पनि नयाँ स्वरका गीतसंगीत पाउँछन् र नेपाली गीतसंगीत पनि फरक बाटोबाट फरक उचाइमा पुग्दछ ।

## फाउन्डेसनको सहयोगार्थ ढकालको एकल साँझ




म्यूजिकखबर । बिन्ध्यबासिनी फाउन्डेशन सहयोगार्थ 'रामकृष्ण ढकाल एकल साझ -२०७३' को आयोजना हुन लागेको छ । रामकृष्ण ढकाल एकल साँझ आगामी चैत १९ गते नेपाल प्रज्ञा प्रतिष्ठानको हलमा आयोजना हुन लागेको बिन्ध्यबासिनी म्यूजिकका अध्यक्ष सुवास रेग्मीले जानकारी दिए ।

२०४५ सालमा पहिलोपटक 'ढकाल सुमधुर साँझ' गरेका ढकालले देश विदेशमा गरेर धेरै एकल साँझहरू गरिसकेका छन् । सामाजिक संस्थामा क्रियाशील रहेको विन्ध्यवासिनी फाउन्डेसनको सहयोगार्थ आगामी २०७३ चैत्र १८ गते शुक्रबार आयोजना हुने कार्यक्रममा दर्जनौं गीतहरू सुनाउने छन् । तीन दशकभन्दा लामो सांगीतिक यात्रा गरिसकेका गायक ढकालले १५ औं एल्बम बजारमा ल्याइसकेका छन् । स्वरसम्राट नारायण गोपाल पछिको सांगीतिक खाडल पुर्न सक्ने गायकको रूपमा उदाएका ढकालले सांगीतिक जीवनमा धेरै सांगीतिक कार्यक्रमहरूमा प्रस्तुत गर्नुका साथै ढकाल सुमधुर साँझको नामबाट पनि उत्तिकै चर्चा बटुलेका छन् । गायनका माध्यमले आफ्नो उचाइ कायम गर्न सफल ढकालले चलचित्र, आधुनिक, पप, लोक, भजन, गजल, राष्ट्रिय गीतहरूमा आफ्नो स्वर दिइसकेका छन् ।

सांगीतिक क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै आएको बिन्ध्यबासिनी म्यूजिकले यस अघि पनि विभिन्न सांगीतिक व्यक्तित्वको नाममा एकल साँझ गर्दै आएको छ । बिन्ध्यबासिनी म्यूजिकको आयोजनामा भएको 'सत्य स्वरुप एकल साँझ-२०६९' कार्यक्रमबाट उठेको पैसा भक्तराज आचार्य संगीत प्रतिस्तान लाई दिएको थियो । यस्तै 'बिमल डाँगी एकल साँझ-२०७०' को सफल आयोजना पश्चात बिन्ध्यबासिनी म्यूजिकले उठेको पैसाबाट डोल्पा र स्याङ्जामा गरेर ४ जना विद्यार्थीहरूलाई छात्रबृतिको सहयोग प्रदान गर्दै आएको छ । यसैगरि बिन्ध्यबासिनी फाउन्डेशनले पछिल्लो समयमा मिर्गौला रोगले पीडित सङ्गीत व्यबसायी एबम् गीतकार शिव प्रशाद पौडेललाई रू ३,१०००० सहयोग गरेको थियो । यसै गरी फाउन्डेसनले संगीतकार संघ नेपालले खोलेको संगीतकर्मी सहायता कोशलाई रू. ५०,००० सहयोग पनि गरेको छ । ढकालको एकल साँझ सफल बनाउन यतिबेला गीतसंगीतका विभिन्न व्यक्तिहरूले सहयोग गर्ने जारी राखेका छन् ।

## प्रस्तोता समाज नेपालको अनुरोध

गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ ।

प्रस्तोता समाज नेपाल
PERFORMERS SOCIETY OF NEPAL (PSN)
अनामनगर, काठमाडौं, फोन: ०१-४२४५७४२
इमेल: performersnepal@hotmail.com
वेभ: www.performersnepal.org.np



# भिसा र भाग्य सँगसँगै

**बाहिरबाट हेर्दा कलाकारको जिन्दगी रङ्गी विरङ्गी झिलीमिली हुन्छ, तर भित्र हेर्दा पीडाको पोको मात्रै छ। सम्पूर्ण जीवन गीतसंगीत एवं कलाकारितामै व्यतित गर्छन्। नाम हुन्छ, एउटा उचाइमा पुग्छ, सेलिब्रेटी भन्छन्, त्यो अनुसार हामीले आफुलाई मेनटेन गर्न सक्दैनौं, सवै कुरा आर्थिक मै आएर जोडिन्छ त्यसपछि बाहिरी आवरणमा भित्री पीडा लिएर जीउनपर्दा पीडादायी जिन्दगीको महसुस हुने गर्छ। कलाकारिता भनेको पहिला त आत्म सन्तुष्टि मात्रै हो भन्छन् गायक खाँड।**

म्यूजिकखबर डेस्क

रामजी खाँड, लोकदोहोरी गायनको क्षेत्रमा चर्चित नाम हो। लोकदोहोरीले एउटा धारमात्र समातिरहेको बेला रामजी खाँडको आधुनिक शैलीमा आगमन भएको हो। हुन त रामजी पनि पुरानै शैलीमा दौडिरहेका थिए। तर सफलताको श्रेणी प्राप्त गर्ने समय भने उनका लागि लोकदोहोरीको आधुनिकताबाट प्राप्त भएको हो। हजारौं लोकदोहोरी गीतमा स्वर दिइसकेका खाँडले युवा पुस्ताको रूचाइलाई आफ्नो पकडमा लिन सफल भए। स्याङ्जा जिल्ला मल्याङकोट – ३ मा जन्मिएका खाँड दुई दाजुभाइमध्येका जेठा छोरा हुन्। स्कुले जीवनदेखि नै गाउनमा रूचि राख्ने खाँडले स्कुलमा हुने प्रतियोगिताहरूमा भाग लिन्थे। सबै प्रतियोगितामा प्रथम हुने गर्थे, सबै साथीभाइ र शिक्षकहरूको माया पाएका थिए उनले। दुई घन्टाको बाटो हिंडेर स्कुल जानुपर्ने भएकाले उनी बाटोमा गीत गाउँदै साथीभाइसँग हिंड्ने गर्थे उनी। लाहुरे परिवारमा जन्मिएका भए पनि उनी लाहुरे हुने सोचमा दौडिएनन्। बरू केही समय शिक्षक भएर गाउँकै स्कुलमा पढाए तर गायनको रूचि उनीभित्र उकुसमुकुस बन्न थाल्यो र काठमाडौंतर्फ हानिएका हुन् उनी।

०००००

काठमाडौं प्रवेशपछि एउटा एल्बम गर्ने सोचमा उनले ‘ वालिङ बजारमा’ झरना संगीतबाट रेकर्ड गर्न सफल भए। वालिङ बजार एल्बम ७/८ हजारको संख्यामा बिक्री भएको अनुभव उनीसँग छ। त्यसपछि उनी स्याङ्जा फर्किए। एल्बमले सफलता हात पार्दै थियो। १४ हजारमा रेकर्ड गरेको अडियोले लगानीभन्दा केही नाफा हात पारेपछि गाउँ फर्किएका उनी पुनः काठमाडौं नै फर्किए। ०५८ सालमा पुनः एल्बम निकाले तर चलेन। साथीहरूसँग मिलेर कोठा खोज्ने काम गरैं। गीतमा लगानी गर्दै जाँदा आम्दानी शून्यतिर झर्‍यो अर्थात् सफलता हात पार्न सकेनन् गायक खाँडले। त्यही बेला काठमाडौंमा दोहोरी साँझ खुल्ने क्रम सुरू भएको थियो उनले पनि साथीहरूसँग आफ्नो दुःखका कुरा सुनाए। एल्बम चलेन दोहोरीमा काम गर्नुपर्‍यो भन्ने सोचमा उनले पुकार दोहोरी साँझमा काम गर्ने अवसर साथीहरूबाट पाए। काठमाडौंको पहिलो दोहोरी साँझ थियो पुकार दोहोरी। म अग्रज कलाकार हरूले गाउने गीतको स्वर थप्ने काम गर्न थालैं। बद्री पंगेनी, राजु परियार, शर्मिला गुरूङ जस्ता गायक गायिकाहरूले गाउने ठाउँमा आफू पनि संगत गर्न पाउँदा एकातिर खुशी थिएँ भने अर्कोतिर एल्बम कसरी निकाल्ने र टिक्ने भन्नेमा उनको ध्यान जाने गर्थ्यो। तत्कालिन समयमा धेरै गीत निकालैं तर चल्न सकेन। त्यतिबेला जुन कलाकार चल्थे ती कलाकार मात्र रेकर्डिङका व्यस्त हुन्थे। मैले चारपाँच वटा एल्बम आफैंले गाएँ ती चलेनन्। कम्पनीहरूले राजु परियारको स्वर राखेर ल्याउ भन्थे त्यो पनि गरैं। तर गीत चल्दै चलेनन्।

०००००


बुबा इन्डियन लाहुरेको क्याप्टेन हुनुहुन्थ्यो। परिवारबाट न गीत चल्यो न नाम। अब यसरी हुन्न भन्ने दबाब आएपछि मैले पासपोर्ट बनाएँ, खाँडले अतित सम्झिँदै भने – ‘धेरै देशमा डकुमेन्ट पेश गरैं तर भिसा पनि लागेन। अन्तिममा एउटा म्यानपावरमा पासपोर्ट बुझाएँ, दुबईको भिसा लाग्यो। झण्डै एक वर्षपछि भिसा आयो। त्यही बेला मेरा दुई गीत देउरालीको भट्टी पसल र पछ्यौरी लेउ बैनाले सफलता हात पार्‍यो। सायद मेरो दिन बल्ल आएको रहेछ जस्तो लाग्यो।’ त्यसपछि भिसा क्यान्सिल गरेर उनी नेपालमै बसे। गीत चल्यो, बिक्री पनि राम्रो भयो। रामजी खाँड भनेर क्लिक भयो, मनमा आत्मविश्वास बढ्यो। ती गीतले गर्दा व्यवसायिक गायकका रूपमा अवसर प्राप्त हुँदै गयो। अग्रजहरूले पनि गाउने अवसर दिनुभयो। जसले गर्दा खाडीको कामदार हुनु परेर। त्यसपछि डिजिटल मार्केट सुरू भयो। लोकदोहोरीमा ट्रेन्ड पनि परिवर्तन हुँदा उनका गीतले सर्वाधिक सिआरबिटी, पिआरबिटी डाउनलोड हुन सफल भए। आफूले निकालेका एल्बम फ्लप भए, आम्दानी भएन झण्डै १२ वर्षको संघर्षपछि सफलता हात परेको हो। दोहोरीमा काम गरेर कोठाभाडा तिर्ने काम गरियो तर निरन्तरता र धैर्यतामा मेरो प्रगति भएको महसुस भएको छ, खाँडले भने।

०००००

बाहिरबाट हेर्दा कलाकारको जिन्दगी रङ्गी विरङ्गी झिलीमिली हुन्छ, तर भित्र हेर्दा पीडाको पोको मात्रै छ। सम्पूर्ण जीवन गीतसंगीत एवं कलाकारितामै व्यतित गर्छन्। नाम हुन्छ, एउटा उचाइमा पुग्छ, सेलिब्रेटी भन्छन्, त्यो अनुसार हामीले आफुलाई मेनटेन गर्न सक्दैनौं, सवै कुरा आर्थिक मै आएर जोडिन्छ त्यसपछि बाहिरी आवरणमा भित्री पीडा लिएर जीउनपर्दा पीडादायी जिन्दगीको महसुस हुने गर्छ रामजी खाँडलाई पनि। कलाकारिता भनेको पहिला त आत्म सन्तुष्टि मात्रै हो भन्छन् गायक खाँड। नाम र दाम कमाउने सीमित हुन्छन्। नाम मात्रै कमाएर दाम नकमाउने धेरै हुन्छन्। नाम र दाम खोज्दा खोज्दै कलाकारितामा जीवनमरण हुने अझ धेरै छन्।

०००००

गायक हुन त्यति सजिलो छैन। गाउँमा भनेजस्तो शहरमा गायक त्यत्तिकै भइँदैन। यो त भगवानले दिनुभएको उपहार हो। जो कोहीले चाहेर पाउने चिज होइन रहेछ गला। आफूलाई कला र गलासँग समायोजन गरेर समाजमा जानका लागि धेरै संघर्ष गर्नुपर्ने अनुभव गायक खाँडसँग पनि छ। आफुलाई लोक गायक हुनुमा गर्व गर्ने खाँड सबैले चर्चित हुने अवसर नपाउने र समयलाई चिन्न नसक्दा कति पछाडि पर्नु परेको पीडाभित्र आफू पनि भएको बताउँछन्।



०००००

‘पहिलो कुरा आफुमा त्यो क्षमता हुनु पर्‍यो। नत्र कसैले गधालाई गाई बनाउँछु भन्यो भने मुर्खता मात्रै हुन्छ। यो क्षेत्रमा लागेर नआत्तिनु नमात्तिनु धैर्य गर्नु पर्छ। समय सबैको आउँछ भन्थे हो रहेछ। त्यहि समयमा मेरो शिव हमालसँग भेट भयो उहाँ मेरो स्कुले जीवनको साथी पनि हो। उहाँसँगको भेटमा हामी मिलेर गीत गर्ने कुरा गर्‍यौं। सँगै सहकार्य गर्‍यौं सबै गीत हिट भयो। त्यसैले मेरो सफलतामा शिव हमालको नाम जोडिन्छ।’ सबैका आ-आफ्ना प्रेरणाको स्रोतका रूपमा लिने नाम हुन्छन्।

०००००

सधैं एउटै धारको गीत चलिरहेको बेला म अलगधारको गीत गाउँदै आएँ। मलाई चिन्ता थियो म सफल हुन्छु की हुन्न दर्शक स्रोताले मन पराउँछन् की पराउँदैनन्, चुनौति थियो मलाई। म फरकधारमा आउँदा सफल पनि भएँ। मेरो स्वर र गाएकी अनुसारको गीत बन्न थाल्यो। सबै मेरै धारमा बहुलाउन थाले। बजारले त्यस्तै माग्यो, पछिल्लो पुस्ताले त्यहि कपी गरे। अझ फरकधार बनाउन थाले। अहिले मौलिकता हराउँदै गाको छ, एक चोटी बिग्रेको बजारलाई फेरी पहिलेकै अवस्थामा ल्याउन समय लाग्छ। त्यो फरकधार हाम्रो लागि निल्नु न ओकल्नु भएको छ।

०००००

लोकदोहोरी बचाउन लागि परेका हस्तीहरू नै एक नम्बर यसको कारण हुन्। किनकी उनीहरूले जे सिकाए नयाँ पिंढीले त्यहि सिक्ने हो। कमसेकम लोकगीत गाउनले नि गायन शिक्षा लिनु पर्छ भन्ने शिक्षा दिएको भए आज दोहोरीमा यो फोहोरीको आरोप थेग्न पर्ने थिएन। नियम कानुन नहुनु र भएर नि लागू नहुनु मुख्य कारक तत्व हो। मौलिकता हो, दोहोरीमा आधुनिकता भित्रिएको छ, उत्ताउला शब्द प्रयोग हुने गर्छन्। समय सापेक्ष बिषयवस्तु उठान गरेर गाउँ, ठाउँको प्रतिनिधित्व गर्ने खालका गीत आएका छैनन्। समाजमा सन्देश दिने खालका शब्द र भाका चयन नहुनु मुल कारक हुन्। त्यसैले अवको आवश्यकता भनेको मौलिक गीत नै हो।

०००००

रामजी खाँडलाई सबैभन्दा मनपर्ने गायक नारायण रायमाझी र गायिकामा विमा कुमारी दुरा र शर्मिला गुरूङ।

०००००

‘मेरो गीत मेरो स्वरलाई मन पराएर मेरो फ्यान बन्नु भनेको एउटा कलाकारको लागि त्यो भन्दा ठुलो कुरा के हुन्छ। उहाँहरूकै मायाको कारणले मलाई देशविदेश घुम्ने अवसर मिलेको छ। मसँग कुनै शब्द छैन सम्वोधन गर्ने। म सम्मान गर्छु धन्यवाद दिन्छु, अरू चाहिँ केही भन्दिनँ।

०००००

वर्षमा आधा दर्जन देशमा कार्यक्रम लिएर पुग्ने खाँड मुलुकभित्र हुने महोत्सवहरूमा पनि उत्तिकै सहभागी हुने गर्छन्। दर्शक उफार्नका लागि नराम्रो गीत अहिलेसम्म गाएकै छैन भन्ने दाबी गायक खाँड गर्छन। अब आउने पुस्तालाई लोकदोहोरी हो भन्दैमा संगीतको शिक्षाबिना आउनु राम्रो नभएको बताउँछन् उनी। धैर्यता, निरन्तरतासँगै शिक्षाको ज्ञान हुनु जरूरी भएको उनी बताउँछन्।

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

गोबिन्द प्रसाद उपाध्यायसँग सङ्गीतकारको कथा

# गायिका अन्जु पन्तको स्वरमा रमाउँछु

बहारमा रमाउने प्यास बाँकी छ अझै
फेरी तिमी आउने आश बाँकी छ अझै

तिम्रो प्यारको कला पनि देखियो
सार सहर हुन मेरो दास बाँकी छ अझै।

महफिलमा बसाई सरे होलान तिम्रा यादहरू
मेरो दिलको चौतारीमा बास बाँकी छ अझै

कसले भन्यो मायाको खेल खतम भो
बाजी मार्न तुरूपको तास बाँकी छ अझै

प्रस्तुत पङ्तिहरू मेरो तेस्रो एल्बम "सत्यता-३" बाट लिएको छ। कसैको पर्खाईमा रहेको आभासमा यो गजल लेखिएको छ। जीवन मिलन र बिछोडको सङ्गम् हो। मायाले खुशी नि दिन्छ, पीडा नि दिन्छ। पाउने र गुमाउने सधैँ भइरहन्छ। मैले सत्यता र सत्यता-२ साङ्गीतिक एल्बमहरू मार्फत जिन्दगीका भोगाईहरूलाई नै प्राथमिकता दिएको छु।

भर्खर बजारमा आएको गजल बहारका सम्बन्धमा भन्नुपर्दा यो गजल लेख्ने साँझको बेला थियो। म मेरै घरको कोठामा बसेर केहि नयाँ सिर्जना गर्ने सोचमा थिएँ। हृदयमा कसैको पर्खाईको पीडाको अनुभूति भएजस्तो लागेको थियो। केहि गुमाएको आभास भैराखेको थियो। तर गुमाएको पाउने आशा चाहीँ मरेको थिएन। मनमा उत्साह पनि जागेको थियो। कौतुहलता पनि थियो। त्यो माहोलले भनी राखेको थियो फेरी बहार आउने छ। मौसम रमाउने हुने छ। त्यही बेला कोर्न पुगेँ माथीका शेरहरू।

माया पिरतीमा हार्नु हुँदैन र कसैको जित वा हार हुँदैन, मायाको जित नै हुनुपर्छ भन्ने मलाई लाग्छ। मलाई मायाले निकै कठोर पनि बनाएको छ। म जहिले पनि यादहरूमा जिउने कोशिस गर्छु। यादहरूले मलाई प्रेरणा दिन्छ। दिलमा गडेको याद सितिमिति निस्किएर अन्तै सर्न सक्दैन भन्ने मलाई लाग्छ।

मायाको खेल पनि अनौठो हुन्छ। मायामा हारे पनि जितिन्छ। जिन्दगी नै दाउमा राखेर माया लगाईन्छ ताकी हार हुँदैन भन्ने मान्यता हुन्छ। सधैँ बाजी जित्ने चाहना राखेको हुन्छ मायाले।

गजल पुर्णरूपमा तयार भयो। सयौँ पटक मैले पढेँ। मेरो मन मस्तिस्कमा मैले प्रयोग गरेको भाव बिषयवस्तुले सबैको मन छुन सक्छ र राम्रो एक सिर्जना हुन सक्छ भन्ने ठानेर म यस्लाई स्रोता र दर्शक सामु ल्याउने निष्कर्षमा पुगेँ।

सिर्जना भएको भोलिपल्ट साँझको बेला आदरणीय दाई कुसुम भट्टराई उहाँसँग मेरो फेसबूकमा च्याट भै राखेको बेला मैले यही गजलको पहिलो शेर उहाँलाई पठाएँ। भट्टराईजी वरिष्ठ पत्रकार हुनुहुन्छ। त्यसो त उहाँ एउटा कुशल गीतकार, सङ्गीतकार र गायक हुनुहुन्छ। उहाले साह्रै राम्रो भाव बोकेको सिर्जना भनेर मेरो प्रसंशा गरिदिनु भयो। मलाई साह्रै खुशी लाग्यो र उहालाइ सबै गजलका शेरहरू पठाएँ र सङ्गीत भर्न भनेँ। केहि दिन पश्चात् उहाँले मलाई डमी दिनुभयो। मलाई सङ्गीत पनि साह्रै मन पर्‍यो अनि हामी दुबैले आपसी सल्लाह अनुसार शाहस शाक्यजीलाई सङ्गीत संयोजन गर्ने जिम्मेवारी दियौं।

साहसजीको संयोजन पनि मलाई साह्रै उत्कृष्ट लाग्यो र हामीले एकोस्टिक स्टुडियोमा रेकर्ड गर्ने निधो गर्‍यौं। अब गाउन कसलाई दिने भन्ने बारेमा कुरा चल्दा मेरो पहिलो रोजाईमा सबैकी प्रिय गायिका अन्जु पन्तजी नै हुनुहुन्थ्यो। मैले एक किसिमले यो गजल सिर्जना गर्ने बेलामा नै उहाँलाई गाउन दिन्छु भन्ने मेरो सोचाई र चाहना थियो। मेरा सबै सिर्जनाहरूमा उहाँको स्वरको जादु रहेको थियो। अन्जुजीको स्वरमा रहेको सत्यताको कहिले मिलन कहिले बिछोड होस वा सत्यता-२ को कस्तो माया लाईयो हजुर होस् वा कैफियत चलचित्रको तिमी छैनौ जहाँ बोलको गीत होस् सबै स्रोताहरूले मन पराई दिनु भएको छ।

त्यसैकारणले मैले अन्जुजीलाई सम्पर्क गरेँ र उहाँले डमी मलाई पठाई दिनु भन्नु भो र मैले उहाँको भाईबरमा पठाएँ। उहाँले डमी सुनेपछि मलाई कल गरेर साह्रै उत्कृष्ट छ, अब छिट्टै भोकल हाल्नु पर्छ भन्नु भयो। केहि दिन पस्चात स्टुडियो र अन्जुजीको समय मिलाएपछि हामी सबै रेकर्ड गर्न तयार भयौं। स्टुडियोमा साहस र कुसुमजीले अन्य लाईभ बाजाहरू हालिसक्नुभएको थियो।

साँझ ४ बजे सबै स्टुडियोमा जम्मा भइयो केहि समय पश्चात् अन्जुजी आऊनु भयो। म कुसुमजी शाहसजी केहि पत्रकार साथीहरू र शुभेच्छुकको उपस्थितिमा भोकल हाल्ने कार्य भयो। लगभग ३ घन्टा मा रेकर्ड सम्पन्न भयो। अन्जुजीले पनि मिठो रमाईलो तरिकाले गाउनु भयो र मलाई बधाई पनि दिनु भयो। राम्रो शब्द र सङ्गीत सिर्जना गरेकोमा आभार ब्यक्त गर्नु भयो।

मिक्सिङ र मास्टरिङको लागि म जैले पनि महेश्वरमान राजभण्डारी दाईलाई सम्झन्छु। उहाँ साह्रै अनुभवी हुनुहुन्छ, उहाँले सबै काम सकेपछि सो गीत र मेरो तेस्रो एल्बमको बजार ब्यवस्थापन गर्नु हुने भाईब्स क्रिएसनका संचालक पर्शुराम रिजालज्युलाई गजलको एक सिडी दियर सबै ठाउँमा रिलिज गर्न भनेँ। उहाँले पनि सोही अनुरूप सबै मिडियामा न्युज र गजल पठाई दिनु भयो। युटयूबमा नि लिरिकल भिडियो हालियो। प्रोमो नि हालियो र आज यो गजल सबैको मनमा बसेको छ। सबैले मन पराइदिनुभएको छ।
















वर्ष १, अंक १०, २०७३ चैत १

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

पार्वती राई, मोडल

तस्वीरः ज्ञानु राई

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

फिल्मी खबर


## देशभक्तिको कथा निर्भय



**म्यूजिक खबर ।** चैत्र ११ मा रिलिज हुने नेपाली चलचित्र 'निर्भय' एउटा देशभक्तिको कथा भएको अभिनेता निखिल उप्रेती बताएका छन् । निखिलका अनुसार 'निर्भय' एक सच्चा नेपाली अनि देशभक्त सिपाहीको कथा हो । 'सच्चा र ईमान्दार बनेर अघि बढ्दा ईमान्दार बनेकै कारण एक नागरिक अनि प्रहरीको जीवनमा आईपर्ने अफ्ठ्यारा परिस्थितीको कथा नै निर्भयले प्रस्तुत गरेको छ, निखिलले भने ।

चलचित्रमा विसुद्ध पारिवारिक फिल्म, सेन्टिमेन्ट पाटो राम्रो रहेको बताईएको छ । 'भयरहित जीन्दगी कसरी जिउँने त्यो पाठ पनि सिकाउँछ। नीतासँग मेरो जोडी राम्रो जमेको छ' अभिनेताले बताए । उनले निर्देशक मधुसुदन भट्टराईको समेत तारिफ गरे । ' निर्देशक मधुसुदन भट्टराईले एउटा राम्रो अनि उत्कृष्ट फिल्म बनाउन कुनै कसुर बाँकी राखेका छैनन् । यो चलचित्रमा निखिल र नीताको अलावा विकास चापागाईं, प्रदिप ढकाल, सुशिल पोखरेल, प्रज्वल गिरी, रश्मी भट्ट लगायतको अभिनय छ । चलचित्रलाई देविप्रसाद पाण्डेले बनाएका हुन् ।

## श्रीकृष्णको नाममा श्वेताको फाउन्डेशन



नायिका स्वेता खड्का अध्यक्ष रहने गरी 'स्वेता श्री' फाउन्डेशनको औपचारिक शुभारम्भ भएको छ । शुक्रवार राजधानीमा एक कार्यक्रमको आयोजना गर्दै फाउन्डेशनको औपचारिक शुरूवात भएको हो ।

स्व. नायक श्रीकृष्ण श्रेष्ठ र स्वेताको नामबाट यो फाउन्डेशनको नाम राखिएको छ । पूनर्निर्माण प्राधिकरणका प्रमुख गोविन्द पोखरेल, चर्चित कलाकार जोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य, पूर्व प्रधान सेनापति रूक्मांगत कटुवाल, माइती नेपालकी प्रमुख अनुराधा कोइराला, संगीतकार शम्भुजित बास्कोटाले एकसाथ 'स्वेता श्री' फाउन्डेशनको उद्‌टान गरेका थिए ।

फाउन्डेशनले निर्माण र क्यान्सरको क्षेत्रमा काम गर्ने बताईएको छ । 'दादाको चाहना पनि समाजसेवा थियो । यसैले, मैले यसलाई अगाडि बढाएकी हुँ स्वेताले कार्यक्रममा भनिन् ।

# चलचित्र पत्रकार संघमा नयाँ नेतृत्व




**म्यूजिकखबर** ।चलचित्र पत्रकार संघको सातौं महाधिवेशनबाट सन्दिप सापकोटाको नेतृत्वमा १७ सदस्यीय कार्यसमिति चयन भएको छ । अध्यक्षका प्रत्यासी लक्ष्मण सुवेदीलाई २१ मतको अन्तरले सापकोटा विजयी हुन सफल भएका हुन् । जम्मा ११७ मत खसेकोमा सन्दिपले ६८ मत ल्याउन सफल भए भने लक्ष्मणले ४७ मत ल्याएर पराजित भए । त्यस्तै संघकै कार्यसमितिमध्ये सदस्यतर्फ सबैभन्दा बढी मत भने वर्षा बस्नेतले ल्याउन सफल भइन् । वर्षाले ८८ मत ल्याएर सदस्य पदमा वर्चश्व कायम गरेकी हुन् ।

त्यसैगरी संघको कार्यक्रम उपाध्यक्षमा भने श्याम अर्यालले जित हासिल गरे । श्यामले ७० मत ल्याए भने उनका प्रतिस्पर्धी अशेष अधिकारीले ४३ मत ल्याउन सफल भएका थिए । महिला उपाध्यक्षतर्फ भने गीता अधिकारीले ८२ मत ल्याएर विजयी भइन् । उनको प्रतिस्पर्धी शारदा थापाले भने ३२ मत ल्याएर पराजित भइन् । उपाध्यक्ष संगठनतर्फ भने दिनेश सिटौला निर्विरोध भएका थिए ।

त्यसैगरी महासचिव पदमा भने अनिल यादवले ५८ मत ल्याएर जित हासिल गरे । उनका प्रतिस्पर्धी विजय आवाजले भने ५६ मत ल्याएर पराजित बेहोर्नुपर्‍यो भने सचिव तर्फ बैकुण्ठ पराजुलीले जित हासिल गरे । सचिव पदमै कुवेर गिरीले ३९ मत ल्याएर पराजित हुनुपर्‍यो । त्यस्तै कोषाध्यक्ष र सहकोषाध्यक्षमा भने कुवेर डंगोल र जीवन पराजुली निर्विरोध हुन सफल भए । समावेशी सचिवमा भने समिर बलामी चयन भए ।

सदस्यहरूमा भने वर्षा बस्नेतले ८८ मत ल्याएर अग्रता हासिल गरिन् । उत्सव रसाइलीले ८४ मत ल्याएर दोस्रो स्थानमा रहन सफल भए भने अन्य सदस्यहरूमा कृष्ण भट्टराई ५८, बाबु सुरेश ६१, विकास लामिछाने ५२, मनिष कार्की ५२, सन्तोष थापाले ४५ मत ल्याएर विजयी भए । त्यसैगरी सदस्य पदमा उम्मेदवारी दिएका भोला सुवेदी प्रणव ४४, विनोद पोखरेल ४४, कुमार आचार्य ४०, श्यामहरि शिवभक्ति ३० मत ल्याएर हार बेहोर्नुपर्‍यो । त्यस्तै महिला सदस्यमा दीपज्योती थापा र समावेशी सदस्यमा विशाल राई निर्विरोध चयन भए ।

त्यसैगरी केन्द्रीय पार्षदका लागि भने डब्बु क्षेत्री ९१, राजन घिमिरे ८५, शान्तिप्रिय ७९, विदुर गिरी ६८, सुब्रत आचार्य ६८, धनबहादुर खड्का ६६, अशोकप्यासी राई ६६, विष्णु सुवेदी ६१, नेमिष गौतम ५७ मत ल्याएर विजयी भए । त्यस्तै महिला पार्षदमा स्वस्तिका चिलुवाल, रश्मी थापा, जयन सुब्बा मानन्धर चयन भए भने पार्षदकै लागि उम्मेदवारी दिएका डीपी शाह चक्रवर्ती ३२, मनोज श्रेष्ठ ५०, दिवाकर मैनाली ५६ ले भने हार बेहोनुपर्‍यो । त्यसैगरी केन्द्रीय पार्षद प्रदेशबाट भने विजयरत्न तुलाधर, राजन दाहाल, मनोज केसी, सुरज पौडेल, अमृत पुडासैनी, राजेश खनाल, राजेन्द्र पुडासैनी, रघुनाथ सापकोटा, मन्जु गैरे, सन्ध्या थापा, योजना पुरी, पुष्पा थपलिया, चिरञ्जीवी सापकोटा, अनिल थापा, सुरज खड्का, नवराज ढुंगेल चयन भए ।

# पत्रकार र कलाकार संघको सम्मान तथा पुरस्कार

म्यूजिक खबर

चलचित्र कलाकार संघले १५ औ साधारण सभासँगै विभिन्न कलाकार र पत्रकारलाई सम्मान तथा पुरस्कार प्रदान गरेको छ । कार्यक्रममा कलाकार संघका अध्यक्ष रामकेशर बोगटिले प्रगति बिबरण पेश गर्दै बिभिन्न कलाकर्मि तथा पत्रकारलाइ सम्मान पनि गरिएको छ ।




चलचित्र कलाकार संघ पुरस्कार २०७३ बाट बरिष्ट अभिनेत्री लक्ष्मी गिरीलाइ सम्मान गरिएको छ भने शान्ति मास्के पुरस्कार बाट कलाकार पुरन थापा सम्मानीत भएका छन् । यस्तै कलाकार संघ बिषेश पुरस्कार बाट हास्य कलाकार सिताराम कट्टेल तथा कुन्जना घिमिरेलाइ प्रदान गरियो भने सोहि पुरस्कार बिश्वकै कान्छा निर्देशक सौगात बिष्टलाइ प्रदान गरिएको छ । कलाकार संघ पत्रकारिता सम्मानबाट प्रकाश सुवेदी, अशोकप्यासी राई र विष्णु सुवेदी सम्मानित भए भने चलचित्र कलाकार संघ सेवा सम्मानबाट संघका उपाध्यक्ष सानुकुमार ताम्राकार र सह कोषाध्यक्ष सुनिल कटुवाल सम्मानित हुँदा नव प्रतिभा प्रोत्साहन सम्मान अभिनेत्री वर्षा राउतलाई प्रदान गरियो ।

रामकेशर बोगटिले कार्यक्रममा बोल्दै कलाकारको हितमा अझ धेरै कार्य गर्ने बताएका छन् भने आफ्नो कार्यकाल भित्रै संघको आफ्नै भवन बनाउने बचन पनि दिएका छन् ।




एकै छातामुनी

-अडियो/भिडियो
-कभर डिजाइन एण्ड प्रिन्टिङ
-डविङ एण्ड प्याकिङ
-मिडिया प्रमोशन
-विमोचन कार्यक्रम

शुभकामना मिडिया सोलुशन
पुतलीसडक, काठमाडौं ०१-४०१०५४५




# म लोकगीत गाएरै बाँचेको छु

## विरही कार्की, गायक

*विरही कार्कीलाई गायक भनेर चिनाउने गीत कुन हो ?*

हुन त धेरै गीतहरू सफल भए तर मेरो गायनमा कोसेढुंगा बनेर 'सुनखानीमा सुन' बोलको गीत आयो । त्यो भन्दा अगाडि जति गीत गाए ठीकै मात्र भएको थियो तर त्यो गीतपछि मैले गायनमा नाम, दामसँगै पहिचान बनाउन सफल भएँ । त्यसपछि मेरो शब्द, लय, स्वरमा रहेका मायालु हजार, होला मायालु, जुनकिरी, भन्देउ के हो माया, जय जय नेपालजस्ता गीतहरूले बढी चर्चा पाउन सफल भए ।

*पछिल्लो समय बिक्ने र टिक्ने गीत बन्न सकेन भन्ने आरोप गीतसंगीत क्षेत्रमा लागिरहन्छ यसलाई कसरी लिनुहुन्छ ?*

बिक्ने गीत आएन भन्दा पनि बिक्ने ठाउँ भएन । अलिकति भएको बिक्ने ठाउँमा पनि खराब मानसिकता भएकाहरूको पहुँच बढ्यो र स्रष्टालाई घाँटी थिच्ने काम भयो । अब टिक्ने गीतको कुरा गर्दा वास्तविक मौलिकतामा रहेर निर्माण गरिएका गीतहरू सदाबहार भइरहेका छन् । मेरो प्राय सबै गीत हिजोदेखि आजसम्म उत्तिकै स्रोताको मनमुटुमा छ भने त्यो टिकेको अवस्था हो । टिक्ने र मौलिकता बोकेकै गीत भएर पनि होला मेरा सिर्जनाहरूले म्यूजिक अवार्डहरू चुमिरहेका छन् भने मुलुकभित्र हुने प्राय म्यूजिक अवार्डमा उत्कृष्ट पाँचभित्र परिरहेकै हुन्छन् ।

*गीतसंगीतसँगै सामाजिक सेवामा पनि सक्रिय हुनुहुन्छ नि ?*

एउटा गायक भनेको समाजको प्रतिनिधि पात्र हो । गायकले समाजसेवा गर्नु भनेको ठूलो कुरा होइन । समाजको कुनै पनि व्यक्तिले आफ्नो समाजमा आइपरेका कुरालाई समाधान गर्नुपर्छ, समाज विकासको काममा लाग्नुपर्छ । त्यसमाथि पनि गायक गायिकाले जस्तो काम गऱ्यो त्यसको सिको गर्नेहरू धेरै हुन्छन् । मेरी आमाको नामबाट मैले फूलमाया कार्की फाउन्डेसन संचालन गरेर केही न केही भए पनि समाजमा सहयोग गर्न खोजेको हुँ । पहिला एकल साँझ गरे, जसबाट आएको रकम चेपाङ बालबालिका शिक्षादिक्षाको लागि खर्च गरेँ । त्यस्तै गोर्खा जिल्लामा गएर मृगौला पीडितका सहयोगको पाइला चालेँ । क्यान्सर पीडित, मृगौला पीडित, आर्थिक अभावमा उपचार नपाएका कलाकार एवं कुनै पनि जनताका लागि मैले फूलमाया कार्की फाउन्डेसनबाट सहयोग गर्दै आएको छु । यस फाउन्डेसनमा आजीवन सदस्यहरू बन्ने र सहयोग गर्नेहरूबाट म पुलको माध्यम भएर समाजसेवामा सक्रिय रहेको छु । यी त केही उदाहरण मात्र हुन् यीभन्दा धेरै सामाजिक काम हामी गायकगायिकाले गर्नुपर्छ ।

*गीतसंगीतमा लागेर कति कमाइयो त ?*

कमाइ राम्रै छ । म लोकगीत गाएरै बाँचेको छु, मेरो परिवार पालेको छु, काठमाडौंमा आफ्नो स्टाण्डर्ड मेन्टेन गरेको छु । त्यतिमात्र होइन धेरै स्रोताहरूको नजरमा विरही कार्की भन्ने नाम स्थापित गराउन सफल भएको छु । त्योभन्दा ठूलो कमाई मैले खोज्नुपर्ने अरू केही पनि देख्दिनँ ।

*पछिल्लो समय अरु मौलिकता हरायो भन्दै गर्दा तपाई चाहि मौलिकतातर्फ देखिनुभएको छ नि ?*

नेपाली लोक गीत संगीत भनेकै मौलिक र वास्तविक गीत हुन् । त्यसैले म वास्कवितालाई बढी केन्द्रित गर्छु र गीत गाउँछु । तिनै गीत बढी चर्चामा आउँछन् जसले मेरो गायकीलाई पहिचान दिलाउन सफल भएका छन् । हो पछिल्लो समय लोकदोहोरी उद्योगलाई आरोप लागिरहेको छ तर हामीले आफ्नो माटो सुहाउँदो सिर्जना निर्माण गर्न सक्नुपर्दछ । मेरो गुराँस फुल्ने ठाउँतिर, जूनकिरी, डाँडैमा विजुली आयो, झ्याउँकिरी, मनकामना केबुलकार झिने चुरा लगायतका दर्जनौं गीत सबै मौलिकतामा नै छन् । मेरो आमा १, २, ३ पनि लोकगीतको क्षेत्रमा मलाई स्थापित गराउने गीत हुन् । लोकअनुसारको लोकगीत हुनुपर्छ भन्ने मान्यता म राख्छु ।

*तपाईंको प्रतिस्पर्धी को हो ?*

मेरो प्रतिस्पर्धी म आफैं हो । म आफूले गरेको सिर्जनाभित्र नै म प्रतिस्पर्धा गरिरहेको छु । कसरी सिर्जना राम्रो हुन्छ भन्नेमा मेरो ध्यान केन्द्रीत हुन्छ । एकपछि अर्को राम्रो बन्यो कि बनेर भन्नेमा मेरो प्रतिस्पर्धा चलिरहन्छ ।

*अहिले त आधुनिक, चलचित्रको गीततिर पनि लाग्नुभएछ, कत्तिको सजिलो रहेछ ?*

म संगीतको विद्यार्थी हुँ, क्रियशन गर्दै जाँदा हुने रहेछ । मैले पहिलोपटक आधुनिक गीत गरे, सबैले मन पराइदिनु भएको छ । चलचित्र रूमालै छ चिनोमा पनि संगीत गर्ने मौका मिल्यो । एउटा सर्जकलाई कुनै पनि सिर्जना गर्न गाह्रो हुँदैन जस्तो लाग्छ । हुन त लोकदोहोरी गीत गाउनेहरूसँग संगीतको ज्ञान हुँदैन भन्ने सोचले त्यसो भन्नुभएको होला । एउटा गायक गायिकामा संगीतको पूर्ण ज्ञान भएन भने त्यो अधुरो हुन्छ ।

*नयाँलाई पुरानाले प्राथमिकता दिँदैनन् भन्ने गरिन्छ नि ?*

त्यो सबै कलाकारमा लागू नहोला । कुनै एक दुई जनाले गरेका होलान् तर सबै कलाकारले नयाँ भनेर हेप्ने कुरै हुँदैन । मेरो कुरा गर्नुहुन्छ भने मैले धेरै कलाकारलाई स्थापित गराइदिएको छु । मेरो शब्द र लयमा नयाँ गायक गायिकाको धेरै गीत सफल भएका छन्, जुन गीतले अवार्ड चुम्नसमेत पछि परेका छैनन् । यसै वर्ष पनि मैले पाँच जना नयाँ कलाकारलाई अवसर दिएको छु । गत वर्ष पनि चार जना नयाँ कलाकारले मेरो शब्द र भाकामा गीत गाउनुभएको थियो । अब अरूले के गरेको छन् भन्नेतिर म लाग्दिनँ, नयाँ कलाकार जन्माउनु वा गारेटो देखाउनु पुरानोको दायित्व हो ।

*अन्त्यमा ?*

लोकगीतमा लाग्ने सबैले लोकको पहिचान हुने मौलिक सिर्जना गर्नुस् भन्न चाहन्छु । नयाँ आउनेले पनि गीतसंगीतमा राम्रो ज्ञान लिएर आउनुहोला, जसले आफ्नो क्षेत्रको इज्जत राख्न सकोस् । पछिल्लो समय लोकदोहोरीमा विकृतिहरू आइरहेका छन्, लोक दोहोरीको नाममा मौलिकता मारिएको छ त्यो अवस्था हुन नदिनका लागि सबै स्रष्टाहरू सजग हुनु आवश्यक छ ।

–प्रस्तुतिः सुमन

दोहोरी

# दरबार रोधी घर दोस्रो वर्षमा, ८ स्रष्टालाई सम्मान



राजधानीको जमलमा रहेको दरबार रोधी घरले पहिलो वर्ष पूरा गरी दोस्रो वर्षमा प्रवेश गरेको उपलक्ष्यमा ८ स्रष्टालाई सम्मान गरेको छ । नेपाली कांग्रेसका नेता एवं सभासद जगदीश नरसिंह केसीको प्रमुख आतिथ्यतामा लोकदोहोरीको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका ८ जना स्रष्टालाई रोधीघरले सम्मान गरेको हो । दरबार रोधी घर स्रष्टा सम्मान २०७३ बाट राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका संस्थापक अध्यक्ष गायक अमर विरही गुरूङ, गायक, संगीतकार एवं निर्देशक नारायण रायमाझी, गायक बमबहादुर कार्की, गायक घमेश दुलाल, गायिका बीमा कुमारी दूरा, गायिका गीता देवी, गायक दुर्गा रायमाझी, प्रतिष्ठानका निवर्तमान अध्यक्ष एवं गायक चन्द्र शर्मालाई रोधीघरले सम्मान गर्दै उनीहरूको योगदानको चर्चा गरिएको थियो । ८ स्रष्टालाई लोकदोहोरीको क्षेत्रमा अनवरत खटेर योगदान पुऱ्याएको हुँदा सम्मान गरिएको बताइएको छ ।

रोधीघरका संचालक शिव गौतमको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रम विविध सांस्कृतिक प्रस्तुतिसहित सम्पन्न भएको थियो । सगरमाथा टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गरिएको उक्त कार्यक्रममा सम्मानित अतिथिहरूले प्रस्तुति दिएका थिए । रोधीघरले स्रष्टाहरूको सिर्जना प्रयोग गरेवापत रात्रीकालिन व्यवसायबाट रोयल्टी समेत दिने निर्णय गरेको छ । कलाकारहरूको सिर्जनाबाट व्यवसाय गरिएको हुँदा त्यसको रोयल्टी दिने घोषणा समेत गरेका थिए । पारिवारिक वातावरणमा संचालन हुँदै आएको यस रोधीघरका संचालकमा अशोक गिरी, सुनिल थापा, शिव गौतम रहेका छन् । जमलस्थित मायालु कम्प्लेक्समा रहेको यस रोधीघरमा गायक सुमन परियारको नेतृत्वमा गायक रञ्जित परियार, गायक चिज गुरूङ लगायतको सांस्कृतिक टोलीले मनोरञ्जन प्रदान गर्दै आइरहेका छन् । बेलुकाको रोधीका अलावा दिउँसमो विभिन्न विमोचन, सभा, गोष्ठीसहित रूफटप रेस्टुरेन्टको पनि व्यवस्था गरिएको छ ।



www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक



व्यवसायीसँग संगीतका कुरा

न्यू वर्ल्डमा भारत, थाइल्याण्ड, इटाली, इङ्ल्याण्डका रेमण्ड, ओसीएम, डिग्जम जस्ता अन्तर्राष्ट्रिय ब्राण्डका पोशाक तयार हुन्छ । उनकोमा व्यवसायी, कर्मचारीदेखि कलाकारको पनि उत्तिकै भीड हुन्छ । मान्छेले ब्राण्ड खोज्नु भन्दा पनि गुणस्तरीय सामान र सिलाई खोज्नुपर्छ भन्नेमा उनी विश्वास गर्छन् । त्यसो त न्यू वर्ल्ड कलाकारको लागि सर्टिङ सुटिङ हबका रूपमा सञ्चालन भइरहेको छ । चलचित्र, संगीत क्षेत्रका कलाकारहरूको बाक्लो उपस्थिति हुने गर्छ ।

# कलाकारको टेलरिङ हव “न्यू वर्ल्ड टेलरिङ”

## दीपक परियार, संचालक
## न्यू वर्ल्ड सर्टिङ एण्ड सुटिङ, बागबजार

सुमन पण्डित/म्यूजिक खबर

दीपक परियार, पेशाले सर्टिङ सुटिङ व्यवसायी हुन् । बागबजार पिके क्याम्पसको ठीक अगाडि न्यू वर्ल्ड टेलरिङ सर्टिङ सुटिङका संचालक समेत रहेका दीपक परियार युवा व्यवसायीका रूपमा जुझारू व्यक्तित्व हुन् । पाल्पा ठूलाहुँगी–५ मा जन्मिएका दीपकले अहिले व्यवसाय सुरू गरेकै पनि १७ वर्ष भइसक्यो । स्कुलमा अध्ययन गर्दागर्दै विदेशतिर हानिएका दीपकले पढाइलाई भने माथि लैजान सकेनन् । तत्कलिन समयमा खाडी मुलुक जानेको धेरै सम्मान हुन्थ्यो । उनी १९९९ मेमा वैदेशिक रोजगारीका लागि सेल्सम्यानको लागि कतार पुगेका थिए । विदेशमा कम्पनीमा काम गर्न गएको व्यक्ति गएको दुई वर्षपछि आफैं टेलरिङ खोलेर २००१ बाट व्यवसाय नै सुरू गरे । त्यतिखेर नेपालीहरूको संख्या हजारको संख्यामा थियो तर उनको व्यवसाय भने राम्रो स्थापित भएको थियो ।

दीपकले १० वर्षसम्म कतारमा सर्टिङ सुटिङको व्यवसाय गरे । त्यसपछि नेपाल फर्केका उनी अब विदेशको व्यवसाय भन्दा पनि नेपालमै रमाउने चाहन्छन् । सिस्टम र विलासिताले विदेशका भूमि धेरै उत्कृष्ट छन् उनले भने – ‘नेपाल सामाजिक बनेर व्यवसाय संचालन गर्ने ठाउँ हो । आफ्नो जन्मभूमिमा बसेर सामाजिक बन्दै काम गर्नुको मज्जा नै अर्कै हुँदो रहेछ ।’ बागबजारमा आएर लगानी गरेको पनि आधा दशक कटिसक्यो उनी रमाइरहेका छन् । नेपालमा सिस्टम छैन, जहाँ पनि अंकुश लगाइन्छ, घुसखोरी र भ्रष्टचारीको जगजगी छ । रोजगार दिन पनि गाह्रो, व्यवसाय गर्न पनि गाह्रो र रोजगार दिन्छु भन्दा पनि नपाउने अवस्था पनि हुन्छ, उनले भने । नेपाल यस्तो देश रहेछ कि पहुँच पुग्यो भने कसैले केही गर्न सक्दैन जे गरे पनि हुन्छ । सिस्टम भन्ने कुरा कहिँ कतै छैन । सबै क्षेत्रमा चलखेल हुन्छ ।

बागबजारजस्तो ठाउँमा व्यवसाय गर्दा झन् धेरै समस्या आइपर्छ होला भन्ने प्रश्नमा उनले भने ‘जहाँ समस्या त्यहाँ व्यापार गर्नु नै व्यापारी हो ।’ समस्यासँग जुध्न सकिएन भने व्यवसाय गर्नुको मज्जा हुँदैन । न्यू वर्ल्डले अहिले १० जना कामदारलाई रोजगारी दिएको भने दीपकको परिवारलाई सन्तुष्टिका साथ जीउने वातावरण दिएको छ । करोड लगानी गरेर हजार, लाख कमाउने ठाउँ बन्दै गएको छ भने तर कमाउनेले लगानी भन्दा पनि गैरकानूनी कामतिर ध्यान दिने गर्छन् । व्यवसाय भने मर्यादित र सम्मानित हुनु सक्यो भने सदाबहार हुन सकिन्छ भन्ने मान्यतामा उनी विश्वास गर्छन् । नेपालमा नै सर्टिङ सुटिङको धेरै सम्भावना देखेका छन् दीपकले । राम्रो कालिगड पनि छन् तर जहाँ पनि राजनीतिले छुन्छ । सिस्टममा राखेर यहाँ काम गर्न पाइयो भने राजनीतिक दल, मन्त्रीमण्डल जस्ता उच्च ओहोदाका व्यक्तिहरूले सर्टिङ सुटिङको लागि विदेशबाट पोशाक सिलाएर ल्याउनु पर्दैन । यहाँ कसले कति चलखेल गर्ने भनेर धनराशी विदेशिने गरेको छ । हामीलाई अवसर दिने हो भने यो ठूलो उद्योगका रूपमा नेपालमै स्थापित हुन्छ । सस्तो र गुणस्तरीय सामानमा पोशाक तयार हुन्छ नेपालमै ।

न्यू वर्ल्डमा भारत, थाइल्याण्ड, इटाली, इङ्ल्याण्डका रेमण्ड, ओसीएम, डिग्जम जस्ता अन्तर्राष्ट्रिय ब्राण्डका पोशाक तयार हुन्छ । उनकोमा व्यवसायी, कर्मचारीदेखि कलाकारको पनि उत्तिकै भीड हुन्छ । मान्छेले ब्राण्ड खोज्नु भन्दा पनि गुणस्तरीय सामान र सिलाई खोज्नुपर्छ भन्नेमा उनी विश्वास गर्छन् । त्यसो त न्यू वर्ल्ड कलाकारको लागि सर्टिङ सुटिङ हबका रूपमा सञ्चालन भइरहेको छ । चलचित्र, संगीत क्षेत्रका कलाकारहरूको बाक्लो उपस्थिति हुने गर्छ । न्यू वर्ल्डको सिलाई र सम्मानजनक व्यापारले आकर्षित गरेको छ कलाकारलाई । गुणस्तरीय सिलाईसँगै दीपकको बोलीको माधुर्यतामा पनि ग्राहकको मन तानिएको हुन्छ । त्यसो त उनको जीवनसंगीनी सुनिता परियार पनि न्यू वर्ल्डलाई सफलताको श्रेणीमा लैजाने प्रमुख पात्र हुन् । ग्राहकसँगको सम्बन्धमा दीपक र सुनिताले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । सामान छ भन्दैमा कहिँ पनि बिक्री हुँदैन त्यहाँ ग्राहकलाई गर्ने सम्मान सबैभन्दा ठूलो हुन्छ । न्यू वर्ल्डमा एकचोटी प्रवेश गरेको ग्राहकले अर्को पसलतिर आँखै लाउँदैनन पुनः फर्किएर त्यही आउने गर्छन् ।

परिवारमा दुई दाजुभाइमध्येका कान्छो दीपकको श्रीमती सुनिता र छोरा सुदिन एउटा उदारणीय परिवार बनेको छ । दीपकलाई अहिले ठूलो जिम्मेवारी महसुस भएको छ । पहिला कामदार भएर काम गर्दा जिम्मेवारी बोध कम हुन्थ्यो तर आफैं व्यवसायमा आएपछि रोजगारी पाइरहेका १० कर्मचारीको जिम्मेवारी थपियो, व्यवसायलाई कसरी अगाडि लैजाने अर्को जिम्मेवारी थपियो र परिवार सञ्चालनमा अर्को जिम्मेवारी थपिँदै गयो, दीपकले भने । नेपाल कपडा तथा सिलाई व्यवसायी संघका कार्यकारी सदस्यसमेत रहेका दीपक विदेशमा धेरै अनुभव बटुले तर नेपालमा सीप लिएर आएर व्यवसाय गरेका हुन् । नेपालमा व्यवसाय सञ्चालन गरेपछि उनलाई जापान, जर्मन, अमेरिकाबाट पनि व्यवसाय गर्नका लागि धेरै लगानीकर्ताहरू आएका थिए । तर उनले नेपाल नछाड्ने बताएपछि उनीहरू फर्केको विगत सुनाए । विदेश जान हुँदैन भन्ने होइन तर गएपछि त्यहाँ सिकेको सीप स्वदेशमा पनि ल्याएर लगानी गर्न जान्नुपर्छ दीपकले भने– हामी पैसा भन्दै जन्मथलो छाडेर दौडिरहेका छौं तर सामाजिक बन्न सकिरहेका छैनौं । गाउँघरमा बृद्ध, बालक र महिला मात्र हुने दिन आइरहेको छ, समाज हराइरहेको छ । थातथलो छाडेर शहर पस्ने क्रम जारी छ । पैसा कमाएर फर्किएकाहरू विलासिता खोज्न थालेका छन् भने कति पीडित भएर फर्किएका छन् । नेपाल अहिले त सस्तो कामदार बेच्ने मुलुकमा पर्ने गरेको छ, यो कुरा सरकारले पनि बुझ्नु जरूरी छ भने हामी सबै नेपालले बुझेर स्वदेशमै लगानी गर्नु जरूरी छ । धेरै सम्भावना छन् तर चुनौतिसँग हामी डराइरहेका रहेछौं । आफ्नो कामलाई सम्मान गर्न सिक्यौं भने बल्ल हामीले अरूबाट सम्मान पाउँछौं ।

SCREENNEPAL #1 Nepali Entertainment Portal
साप्ताहिक फिल्मी खबर हरेक बिहीबार, मनोरञ्जनको सूचना र समाचार
निष्पक्ष, पारिवारिक, साङ्गीतिक मासिक म्यूजिक डायरी Music Diary
STREETNEPAL.COM total newsportal

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक
२०७३ फागुन १५


# मोडलिङतिर होमिँदै संगीतकार राई



नेपाली गीतसंगीतको क्षेत्रमा प्रवासमा रहेर पनि निकै सक्रिय छन् गायक तथा संगीतकार मनिपाल राई । अब उनी गायन र संगीतकार जति व्यस्त बनेका थिए सँगसँगै मोडलिङतिर पनि होमिएका छन् ।

देश बाहिर बसेर पनि साङ्गीतिक दुनियाँमा अत्याधिक सफलता बटुलिरहेका राईले यतिबेला एउटा म्युजिक भिडियोमा अभिनय गरेका छन् । गीतकार सुमन राईको संगीत र श्री राईको शब्द र स्वर रहेको "तिम्रो साथ पाएपछि' बोलको गीतमा संगीतकार राईले अभिनय गरेका हुन् । मनिपालसँगै म्युजिक भिडियोमा मोडेल माया राई पनि देख्न सकिनेछ । उक्त गीतको म्युजिक भिडियोमा फुर्वा दोर्जे मोक्तान क्यामरामेनको रूपमा रहेका छन् भने सुन्दर लावातीले निर्देशन गरेका छन् । मलेसियाको विभिन्न सुन्दर तथा रमणीय स्थानहरूमा छायाँकन गरिएको उक्त म्युजिक भिडियो अब चाँडै बजारमा आउने गीतकार, संगीतकार, गायक तथा सो गीतका मोडेल राईले जानकारी दिए ।

त्यसो त यो भन्दा अगाडी पनि अभिनय गर्ने अवसर नमिलेको होईन मनिपाल राईलाई तर आफुलाई अभिनयमा खासै रूची नभएको र यस तर्फ ध्यानै नदिएको उनी बताउँछन् । तर पछिल्लो समयमा आफ्ना धेरै साथीभाइ तथा फ्यानहरूले समेत अभिनय गर्ने हौसला दिइरहेको हुँदा अभिनयतर्फ लागेको उनले बताए । उनको आफ्नै शब्द, सङ्गीत र स्वरमा थुप्रै गीत तथा केहि म्युजिक भिडियो पनि बजारमा आइसकेको छ । उनकै स्वर, शब्द र संगीतमा रहेको एउटा देश भक्तिपूर्ण म्युजिक भिडियो "हामी नेपाली,वीर गोर्खाली' निकै चर्चित बन्यो । त्यस्तै केहि समय अगाडी मात्र सार्वजनिक गरिएको उनको आफ्नै संगीत तथा स्वरमा रहेको "स्वार्थी बनी "बोलको म्युजिक भिडियो अहिले युट्युवमा हेर्न सकिन्छ । पछिल्लो समयमा मलेसियामा रहेर संगीत सिर्जना गर्नेमा पहिलो नम्बरमा नै मनिपाल पर्ने गर्छन् । धेरै कुरामा पोख्त, बहुप्रतिभाको धनी, कामप्रति निकै लगाब भएको, मेहेनती र ईमान्दार राई सबैसँग उत्तिकै मिलनसार पनि छन् ।

# श्रेष्ठलाई १५ दिनमा दुई पुरस्कार




**म्यूजिकखबर, दाङ ।** लोकप्रिय संगीतकार सन्तोष श्रेष्ठलाई राप्ती साहित्य परिषद् जिल्ला शाखा दाङले यज्ञबहादुर बुढाथोकी स्मृति पुरस्कार प्रदान गरिएको छ । साहित्य, सङ्गीत र कलाको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै यज्ञबहादुर बुढाथोकी स्मृति पुरस्कार प्रदान गरिएको हो । फागुन १६ गते सम्पन्न भएको राप्ती साहित्य परिषद् जिल्ला शाखा दाङको तेस्रो अधिवेशनको अबसर पारेर श्रेष्ठलाई पुरस्कृत गरिएको । परिषदको जिल्ला शाखामा मनोज बुढाथोकीद्वारा स्थापना गरिएको यज्ञबहादुर बुढाथोकी स्मृति साहित्य, कला संगीत पुरस्कार श्रेष्ठलाई प्रदान गरिएको हो । पुरस्कार छनौट समितिमा शाखा अध्यक्ष कमलमणि देवकोटाको संयोजकत्वमा केशव थापा, छविलाल कोपिला, दीपक शर्मा र शारदा शर्मा सदस्य रहेका थिए ।

त्यसैगरी नेपाली गजल सङ्गीतमा पुऱ्याएको योगदानको मूल्यांकन गरि पानसरी–मनवीर गजल सङ्गीत पुरस्कार–२०७३ द्वारा गजल अभियान दाङले पनि पुरस्कृत गरेको छ । श्रेष्ठसँगै ठाकुरप्रसाद लामिछाने गजल लेखन पुरस्कारद्वारा गजलकार छविलाल कोपिलालाई पनि पुरस्कार प्रदान गरिएको थियो । पुरस्कृत श्रेष्ठलाई म्यूजिक खबर परिवार हार्दिक बधाई ज्ञापन गर्दछ ।

# कार्की र सुनुवारको डाँडैमा विजुली


यतिबेला नेपाल बिधुत प्रधिकरण नेपालका हरेक कुनाकुनामा बिजुली पुऱ्याउने र शहरमा लोडसेडिङमुक्त गर्ने अभियानमा छ । यो समयमा डाँडैमा बिजुली आएको



खुशीयालीमा मोडलद्वय शंकर वि.सी. र पार्वती राई छमछम नाचेका छन् । सुनखानी म्युजिक प्रालिको प्रस्तुतीमा चर्चित गीतकार, संगीतकार तथा गायक विरही कार्कीले लोक तथा दोहोरी गीत 'डाँडैमा बिजुली आएको' बजारमा ल्याएका हुन् । गीतमा विरही कार्की र नवगायिका कल्पना सुनुवारको सुमधुर स्वर रहेको छ । गीतको शब्द तथा संगीत कार्कीको नै रहेको छ ।

'डाँडैमा बिजुली आएको'लाई सुनखानी म्युजिक निर्माणमा शाही भिजन प्रालिले म्युजिक भिडियो निर्माण गरेको छ । शंकर वि.सी. र पार्वती राईको अभिनय रहेको म्यूजिक भिडियोलाई प्रकाश भट्टले निर्देशन गरेका छन् । भिडियोलाई करन चैसिरले छायांकन गरेका हुन भने विष्णु शर्माले सम्पादन गरेका हुन् ।

# किरणको साध्छु भन्थ्यौ राजधानी



सम्झना डिजिटलको प्रस्तुतीमा किरण अधिकारी र पुस्कर अर्यालको पहिलो रोइला गीत "साध्छु भन्छौ राजधानी' को म्युजिक भिडियोमा यो दृश्य देख्न पाईन्छ । पुस्कर अर्याल र कृष्ण रेउले दुबैले रश्मीलाई मन पराएको र दुवै जना रश्मि भनेपछि मरिहत्ते गर्दै हुन्छ् । तर दुवै जनालाई जिल्ल पर्दै किरणले रश्मिलाई लान्छन् उक्त म्युजिक भिडियो युटुब मार्फत बजारमा आएको छ । उक्त गीतमा सम्झना लामिछाने मगर र कृष्ण रेउलेको स्वर किरण अधिकारीको संगीत र शब्द कमला क्षेत्रीको रहेको छ । म्युजिक भिडियोमा रश्मि तामाङ, कृष्ण रेउले ,पुस्कर अर्याल तथा किरण अधिकारीले गरेका छन् ।

त्यसैगरी निर्देशन सुयुनिक जिम्बा, छायांकन हरि न्यौपाने सम्पादन गिरिस रिजाल, कन्सेप्ट निर्देशक पंकज शर्माले गरेका हुन् भने दृश्य निर्माण नाट्यश्वर कला केन्द्रले गरेको हो । आफुहरूको पहिलो एल्बम भएको र गीतसंगीतलाई लाइ बिभाजन गर्न हुदैन भन्ने अभिप्रायले रोइला गीत बजारमा ल्याएको पुस्करको भनाइ छ ।

## व्यवसायिक हटलाइन ☎ ०१-४०१०५४५

लोक, आधुनिक, पप शैलीका गीतसंगीतको एरेन्ज गर्नु परेमा सम्झनुहोस् ।

सुदीप सागर
एरेन्जर
९८५११८८२३७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
MB Music Recording Studio
Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.
सम्पर्क: ९८४१८७९१०५, ९८४१३४१३२२

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
विनोद बाजुराली, प्रबन्ध निर्देशक एवं एरेन्जर
मालश्री रेकर्डिङ स्टुडियो
फोन: ९८४११६२५२५

गीतसंगीतको अडियो भिडियो उत्पादन तथा बजार व्यवस्थापनका लागि हामीलाई सम्झनुहोस् ।
VIBES CREATION
परशुराम रिजाल
प्रबन्ध निर्देशक तथा
भाइब्स क्रियशन प्रा.लि.
सम्पर्क: ०१-४२२२९७१, ९८५१०९२६८८

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
झलक संगीतम्, संगीतकार/एरेन्जर
आलाप रेकर्डिङ स्टुडियो
फोन:९८४९१५५०९७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
बीबी अनुरागी
सङ्गीतकार तथा एरेन्जर
प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोन: ०१-४२६८६१४

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक
काठमाडौं, जि.प्र.का. दर्ता नं २३२/०७३/०७४

# रहरले रोधी पुऱ्याउँथ्यो

परिवारले धेरै पढोस्, राम्रो घर गरिखाने बनोस् भन्ने सोचेकै कारण रोधीतर्फ जानुहुन्न इज्जतको कुरा हुन्छ भन्नुहुन्थ्यो तर रहरले ती कुरा तोडेर रोधी पुऱ्याउँथ्यो उनलाई । नसोचको कुरा हो यो क्षेत्र, गीत गाउँछु भन्ने रहर थियो, गाउँदै आउँदा आउँदै परिचित भइयो, सबैले आज गायिका भनेर चिन्ने वातावरण बन्यो ।

म्यूजिक खबर

स्याङ्जा एलादी गाविस–४ खाल्टेकी शर्मिला गुरूङ लोकदोहोरीको क्षेत्रले कहिल्यै नभुल्ने नाम हो । उनको आवाजमा धेरै गीतहरू सुनिसकेका छन् नेपाली लोकगीतप्रेमीहरूले । रेडियो नेपालबाट २०५६ स्वर परीक्षा पास गरेकी गायिका शर्मिला गुरूङलको पहिलो रेकर्ड भएको गीत भने 'निलो पछ्यौरी' हो । पुरूषोत्तम न्यौपाने र राजेन्द्र लम्साल क्षेत्रीसँगै उनले गाएको नीलो पछ्यौरी त्यो जमानाको चर्चित गीत थियो । त्यसपछि निरन्तर गीत गाउँदै आएकी शर्मिलाले मिर्मि मुनी काली थुनेको, बल्लै भो भेट, काली गंगा तरैं, फर्क मुग्लानी, सालैजो, कौडा गरी करिब दुई हजारको हाराहारीमा गीत गाइसकेकी छन् । आफ्नो एकल एल्बमका रूपमा 'गहना' बजाएमा ल्याएकी शर्मिलामा नेपाली माटो सुहाउँदो लोकगीत गाउन सक्ने खुबी छ ।

गायिका शर्मिलाका लागि गायनमा पहिलो अवसर दिने व्यक्तित्व भने गायक पुरूषोत्तम न्यौपाने हुन् । तर उनलाई गायनमा आउनै पर्छ भन्ने गोपाल जीटी, सुविन गुरूङको नाम कहिल्यै बिर्सन सक्दिनन् उनी । उनीहरूले शर्मिलाई लिएर सांस्कृतिक कार्यक्रमहरूमा हिंड्ने, गीत गाउने अवसर दिने, हौसला दिँदै यो क्षेत्र तिमीले छोड्नुहुन्न भन्ने गर्थे । त्यही हौसलाले आज उनी नेपालीहरूको मन मुटुमा बस्न सफल भएकी हुन् ।

गाउँमा लुकीछिपी रोधी बस्ने गायिका शर्मिलाको सांगीतिक करिअरलाई हेर्ने हो भने पोखराको सरगम दाहोरी साँझबाट सुरू भएको देखिन्छ । सरगमपछि सोल्टी दोहोरी साँझमा उनले काम गर्दै पोखरामा कलाकारिताको बाटो खोज्दै गरिन् । त्यसपछि रेडियो नेपालमा स्वर परीक्षा दिन काठमाडौं छिरेकी गायिका शर्मिलाले रेकर्डको अलावा काठमाडौंको पहिलो दोहोरी साँझ पुकार दोहोरी साँझमा गीत गाउन थालिन् । पुकारपछि छहारी दोहोरी साँझमा काम गरेकी शर्मिलाले पुराना दिन सम्झिँदै भनिन्– 'तत्कालिन समयमा दोहोरी निकै रमाइलो नै हुन्थ्यो, तलबभन्दा टिप्स धेरै पाइन्थ्यो । अझ त्योभन्दा धेरै सम्मान मिल्थ्यो । हामीले काम गर्दा बसेर गाइन्थ्यो, पारिवारिक वातावरणमा दोहोरीको मज्जा लिन पाइन्थ्यो । अनुशासनमा रहेर काम गरिन्थ्यो तर अहिलेको परिस्थितिमा दोहोरी उच्शृंखल बन्दै गएको छ ।' अहिलेको दोहोरीमा अनुशासनको खडेरी छ । व्यवसायिकताको नाममा दोहोरीलाई फोहोरी बनाइयो । पारिवारिक रूपमा सँगै बसेर सुन्ने खालको दोहोरी बजारमा आउन छाडे, दोहोरी साँझमा त झन् पाहुनासँगै बसेर नखाएसम्म जागिर नपाउने अवस्था सिर्जना हुँदै गएको देखिन्छ । छाडापनसँगै गाइएको दोहोरीले व्यवसायिक बनेपनि दीर्घकालिन नबन्ने हुँदा सम्मानको खडेरी देखिन्छ ।

गायिका शर्मिलाले गायिका बन्छु भनेर सोचेकी पनि थिइनन् । गाउन रहर लाग्थ्यो, कहाँ गएर गाउने होला भन्ने हुन्थ्यो तर गाउँमा पनि रोधी बस्न जान पाइँदैनथ्यो । परिवारले धेरै पढोस्, राम्रो घर गरिखाने बनोस् भन्ने सोचेकै कारण रोधीतर्फ जानुहुन्न इज्जतको कुरा हुन्छ भन्नुहुन्थ्यो तर रहरले ती कुरा तोडेर रोधी पुऱ्याउँथ्यो उनलाई । नसोचको कुरा हो यो क्षेत्र, गीत गाउँछु भन्ने रहर थियो, गाउँदै आउँदा आउँदै परिचित भइयो, सबैले आज गायिका भनेर चिन्ने वातावरण बन्यो ।

गायनको यात्राले डेढदशक पार गरिसकेको छ शर्मिलाको । अहिलेसम्मको जीवनको यात्रामा उनले देखेको सांगीतिक क्षेत्र नराम्रो भने छैन । राम्रो क्षेत्रका रूपमा लिन्छिन् लोकदोहोरीलाई शर्मिलाले । तर जस्तो काम गरियो त्यस्तै फल पाउनेमा भने उनी विश्वस्त छिन् । समयलाई चिनेर निरन्तरता दिनु नै सफलता ठान्छिन् उनी । गीतसंगीतमै बाँचिएको छ, जीविकोपार्जन चलेकै छ भने यस क्षेत्रलाई नराम्रो कसरी भन्ने । मानसम्मान र इज्जतसँगै जिन्दगी चल्नु भनेको दाम कमाउनुभन्दा ठूलो हो, शर्मिलाले भनिन् । सुरूसुरूमा गीत गाउनेहरूले पैसाबिना नै गाउने अवसर पाउँथे, त्यसमै खुशी हुनुपर्ने अवस्था थियो तर म भाग्यमानी गायिकाको रूपमा यो क्षेत्रमा आएको रहेछु, उनले भनिन् – 'खानामै सीमित राखेर गीत गाउने चलनको अन्त्यमा म आइपुगेको रहेछु अर्थात् पारिश्रमिक पाउने समयमा मेरो इन्ट्री भएको हो ।'

पहिले पहिले गाउँघरमा फलानको छोरी गीत गाउने भइ बिग्री भन्थे तर मैले भने आफ्नो काम, कर्तव्य र विश्वासलाई त्यागिनँ । अहिले तिनीहरू नै राम्रो गरिस् भन्छन्, गीत गाउने पनि सभ्य हुन्छन् भन्ने बनाइयो । ५५ सालतिरको कुरा हो भाइलाई हात भाँचिएर पाल्पा हस्पिटल लगेर फर्किँदा गाडी एक्सिडेन्ट पर्दा भाइको पुनः हात अप्रेशन गर्नुपर्ने भयो । आफ्नो पनि हातमा खुट्टामा ओठमा चोट लाग्यो त्यो दिन कहिल्यै बिर्सन सक्दिनन् शर्मिला ।

गायिका शर्मिलाको जीवनमा सबैभन्दा मन पर्ने गीत भने 'रानीघाटैमा किन काँडा रोप्यौ नि निरमाया आउने बाटैमा' हो । दुई हजार गीत गाइसक्दा उनको मनमा भने रानीघाटैमा बोलको गीतले डेरा जमाएको छ । युके, जापान, कोरिया, हङकङ, युरोप, सिंगापुर, खाडी मुलुक, मलेसिया, ब्रूनाइ डेढ दर्जन मुलुकहरूमा सांस्कृतिक कार्यक्रममा गइसकेकी शर्मिलाले अरूले करोडौं लगानी गर्दा पनि नआउने नाम कमाइएकोमा गर्व लाग्छ । पैसा मात्रै ठूलो सोचिएको भए यो मानसम्मानको जिन्दगी उहिल्यै अन्त्य हुन्थ्यो, उनले भनिन् । अब छिट्टै लोकगीतको एल्बम लिएर आउँदै गरेकी शर्मिला गुरूङ सदाबहार गायिकाको रूपमा नेपालीहरूका माझ चिनिएकी छिन् र गुन्जिरहने छिन् ।







